# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ४ अङ्क ३८ पूर्णाङ्क १८३ २०७७ वैशाख २९ गते सोमबार Monday, 11 May, 2020 पृष्ठ ८ मूल्य रू. १०।-



## देजमो नेपालका अध्यक्ष सीपी गजुरेलद्वारा भारतीय अतिक्रमणका बिरुद्ध एकतावद्ध संघर्ष गर्नका लागि अपिल

**भारतद्वारा सन् १८१६ मा नेपाल र भारतका वीचमा भएको सुगौली सन्धिको उल्लंघन र नेपाली भूभागमाथिको अतिक्रमण**



काठमाडौं। भारतीय अतिक्रमणले अब सीमा नाघेको छ । यसको पछिल्लो घटनामा नेपालको सीमा भित्र भारतीय सेनाले सडक बनाउँदै गरेको घटना हो । सडकको भारतीय रक्षा मन्त्रीले हिजो उद्घाटन गरेका छन् तर नेपालको *बाँकी ६ पेजमा*

# सीमा अतिक्रमणको देशव्यापी विरोध लेण्डुपपथमा ओली सरकार



काठमाडौं। नेपालको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डतामाथि बारम्बार धावा बोल्दै आएको र नेपाली भूमि बारम्बार अतिक्रमण गर्दै आएको विस्तारवादी नीति बोकेको भारतीय शासक वर्गले लिम्पियाधुरा, लिपुलेक, कालापानी क्षेत्रको ३७२ किमि भूमि हडपेर आफ्नो राजनीतिक नक्सा जारी गरेको ६ महिना बित्न नपाउँदै फेरि चीनको स्वशासित प्रदेश तिब्बतको धार्मिक तथा पर्यटकीय स्थल मानसरोवर जोड्नका लागि भारतको तावाघाटदेखि लिपुलेक नाकासम्म ९५ कि.मि. सडकको निर्माण गरेको घटना सार्वजनिक भएको छ। सन् १९९९ मा सुरु भएर सन् २०२० मा सम्पन्न भएर गएको शुक्रबार भारतका रक्षामन्त्री राजनाथ सिंहले भिडियो कन्फ्रेन्समार्फत् उक्त सडकको उद्घाटन गरेको समाचार सार्वजनिक भएसँगै नेपालमा अहिले त्यसको चौतर्फी रूपमा देशव्यापी विरोध भइरहेको *बाँकी ४ पेजमा*

## चार किसान संगठनको भारतीय हस्तक्षेपका बिरुद्ध संयुक्त प्रेस बक्तब्य

काठमाडौं । नेपालको स्वाधीनता र सार्बभौमिक अखण्डताको ठाडो र नग्न उल्लंघन गर्दै हाम्रो दार्चुला जिल्ला ब्यास क्षेत्रको लिपु लेक भएर चीनको स्वायत्त प्रदेश तिब्बतको मानसरोबर पुग्ने बाटो बनाई त्यसको भारतका रक्षा मन्त्री राजनाथ सिंहले हिजो उद्घाटन समेत गरेको खबरले हामी चार किसान संगठन अत्यन्तै गम्भीर र चिन्तित छौं। पटक पटक सीमा अतिक्रमण गर्ने, नेपाली किसानहरूको जग्गा मिच्ने र नेपालको सार्बभौमिक अखण्डताको घोर अमपान गर्ने भारतीय सत्ताको यो नाङ्गो बिस्तारबादी हस्तक्षेपको घोर बिरोध र भर्त्सना गर्दछौं । नेपाल सरकारले तुरुन्तै यसको बिरोध गरोस् र नेपाली भूमि र जनतको रक्षा गरोस् भन्ने जोडदार माग समेत गर्दछौं । अहिले संसदको बजेट अधिवेशन चलिरहेकोले नेपालको भूमि लिपुलेक जबर्जस्ती मिचेको कुराको जोडदार बिरोध गरेर प्रस्ताब पारित गरोस् र भारतलाई दार्चुलाको अतिक्रमित सम्पूर्ण कालापानी क्षेत्र र लिपुलेकबाट तत्काल फिर्ता जान आवाज उठाउनका साथै अन्य थप प्रभाबकारी कदम चाल्न जोडदार माग गर्दछौं ।

भारतीय सत्ताको यस्तो बिस्तारबादी चरित्र र मिचाहा प्रबृत्तिले नेपालकको सीमा मिच्ने, भूमि अतिक्रमण गर्ने र नेपालमाथि बारम्बार हस्तक्षेप गर्ने यस्ता कदमहरूको अन्त्य गर्न तथा दुइ देश बीचको सीमालाई ब्यवस्थित र सुरक्षित राख्न बंगलादेशसँग जस्तै भारतले नेपालसँग पनि सीमामा तारबार लगाउन र निश्चित नाकाबाट मात्र आवात जावात गर्ने ब्यवस्था मिलाउन आबश्यक छ भन्ने कुरा हामी पुनः औंल्याउँदछौं त्यसको *बाँकी ७ पेजमा*

## नेपालका दश राजनीतिक पार्टी तथा संगठनहरूद्धारा भारतीय अतिक्रमणको विरुद्ध संयुक्त वक्तव्य

***नेपालको सार्वभौमिकता माथि भारतले गरेको गम्भीर प्रकारको हस्तक्षेप विरूद्ध व्यापक रूपले आवाज उठाउनका लागि सम्पूर्ण देशभक्त नेपाली जनतासित अपील***

काठमाडौं । सन् १९६२ देखि कालापानीलाई भारतीय सेनाले कब्जा गरेको र गत वर्ष कालापानी सहितको भूभागलाई आफ्नो भूभागमा सामेल गरेर भारतले नक्सा जारी गरेको कार्यको विरोधमा दश राजनीतिक पार्टी तथा संगठनहरूले विरोध गर्दै आएका छन् ।

नेपालको अखण्ड भुभाग-कालापानी, लिपुलेक र लिम्पियाधुरालाई भारतले आफ्नो नक्शामा राखेको विरोधमा उनीहरूले ओली सरकारलाई तत्काल सो नक्शा खारेज गरेर नेपालको सही नक्शा प्रकाशित गर्न दवाव दिँदै आएका हुन तर ओली सरकारले यसलाई सुनेको नसुनेझैं गर्दै आयो । अहिले भारतका रक्षामन्त्री राजनाथ सिंहले नेपाली भूभाग गुञ्जी र लिपुलेक हुँदै धार्चुला र मानसरोबर जोडने सडकको भिडियो कन्फेरेन्समार्फत उद्धाटन गरेका छन् । यसवारे पनि ओली सरकार मौन रहेको परिप्रेक्ष्यमा यही विषयलाई लिएर नेपालका दश राजनीतिक पार्टी तथा संगठनहरूद्धारा भारतीय अतिक्रमणको विरुद्ध संयुक्त वक्तव्य प्रकाशित भएको छ । संयुक्त वक्तव्य को पूर्ण पाठ तल दिइएकोछ :

**संयुक्त वक्तव्य**

भारतको टनकपुर-तावाघाट राष्ट्रिय राजमार्गको अन्तिम विन्दु तावाघाटदेखि दार्चुला जिल्लाको लिपुलेकसम्म सिंगल लेनको सडक नाभिढाङ्गसम्म पुऱ्याई उद्धाटन गरेको र त्यो सडकलाई स्तरोन्नती गरि डबललेनको सडक निर्माणको कार्य पनि युद्धस्तरमा अगाडि बढाई रहेको घटना प्रति हामी तपसिलका राजनीतिक पार्टी तथा संगठनहरूको गम्भीर ध्यानाकर्षण भएको छ ।

भारत सरकारले सडक निर्माण गर्ने क्रममा नेपालको सार्वभौमिक अखण्डता भित्रदार्चुला जिल्लामा पर्ने गुञ्जीदेखि कालापानी हुँदै नाभिढाङ्गसम्मको झण्डै २२ कि.मी. भूभागमा समेत सडक निर्माण गरि त्यो सडकलाई लिपुलेकसम्म पुऱ्याइ चीनको मानसरोवरसंग सम्बन्ध जोड्ने कार्यको कडा शब्दमा बिरोध तथा भर्त्सना गर्दछौं । यो नेपालको सार्वभौमिकता माथि भारतले गरेको गम्भीर प्रकारको हस्तक्षेप नै हो ।

यो कुरा कसैबाट लुकेको छैन किसन् १९६२ देखि नै कालापानीलाई भारतीय सेनाले कब्जा गरेको छ । त्यसका साथै गत वर्ष कालापानी सहितको भूभागलाई आफ्नो भूभागमा सामेल गरेर भारतले नक्सा जारी गरेको थियो । भारतले कालापानी सहितको भूभागलाई आफ्नो नक्सामा सामेल गरेको कार्यको विरोधमानेपाली जनताले *बाँकी ८ पेजमा*

## भारतीय हस्तक्षेपका विरुद्ध क्रान्तिकारी माओवादी सम्बद्ध जबस मोर्चाद्वारा संयुक्त वक्तव्य जारी



काठमाडौं । भारतीय हस्तक्षेप, एमसीसी सम्झौतालगायत कोरोना भाइरसको महामारीसँगै उत्पन्न समस्याप्रति सरकारको गैरजिम्मेवारीपनको विरोध गर्दै नेपाल कम्युनिस्टपार्टी (क्रान्तिकारीमाओवादी) सम्बद्ध जनवर्गीय संगठन तथा मोर्चाले संयुक्त वक्तव्य जारी गरेका छन् । संयुक्त वक्तव्य जारी गर्नेहरूमा डा. ओम गुरुङ, अध्यक्ष- अखिल नेपाल आदिवासी जनजाति महासंघ, सीताराम तामाङ- अध्यक्ष-अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी), अम्बिका मुड्भरी- अध्यक्ष- अखिल नेपाल महिला संघ (क्रान्तिकारी), प्रा.डा.जगदीशचन्द्र भण्डारी- अध्यक्ष- अखिल नेपाल राष्ट्रिय प्राध्यापक संगठन, हिरामणि दुःखी- महासचिव- अखिल नेपाल जनसाँस्कृतिक महासंघ, हुकुमबहादुर सिंह-अध्यक्ष- राष्ट्रिय क्रान्तिकारी *बाँकी ७ पेजमा*

## प्रहरी दमनका बाबजुद भारतीय हस्तक्षेपका विरुद्ध युवा विद्यार्थीहरूले गरे विरोध प्रदर्शन, संसदभवन अगाडिबाट १० जना पक्राउ



काठमाडौं । पछिल्लो पटक भारतले गरेको हस्तक्षेप तथा सीमा अतिक्रमणका विरुद्ध नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी) का विद्यार्थीहरूले विरोध प्रदर्शन *बाँकी ४ पेजमा*

## डबल नेकपाको अन्तर विरोध कहाँ गएर टुंगिने छ ?

*एमाले र माओवादी केन्द्र बीच एकता हुँदा पनि पदकै विषयमा कुरा नमिल्दा दुई जना अध्यक्ष बनाइएको थियो । अहिले एक जना पार्टी अध्यक्ष तथा प्रधानमन्त्री केपी ओलीले पार्टीको आधिकारीक निर्णय नगराई आफ्नो गुटलाई लिएर अगाडी बढ्न थालेपछि त्यो पार्टीमा अन्तरसंघर्ष उत्कर्षमा पुगेको छ । यो अन्तरसंघर्ष कहाँ गएर टुंगिनेछ ? यसको सहजै अनुमान गर्न सकिन्छ कि अन्ततः अहिलेको सचिवालयका नेताहरू र उनका पक्षका अन्य नेता तथा कार्यकर्ताहरूलाई पदिय भागबन्दा मिलाएरनै यसको हल गरिनेछ*



**● रामसिंह श्रीस ●**

अहिले सरकार चलाइरहेको नेकपा (नेकपा) को बारेमा जनस्तरमा ब्यापक बहस छलफल र आलोचना भइरहेको छ। जब डबल नेकपाको सरकारले राष्ट्रहित र जनहित विपरित कामहरूमा वृद्धि गर्दै गयो, भ्रष्टाचारलाई संस्थागत रूपमा अगाडी बढाउदै लग्यो र भ्रष्टाचारीहरूलाई कार्वाही गर्नुपर्नेमा सम्रक्षण गर्दै गयो तब यो पार्टी र सरकारको विषयमा ब्यापक टिका टिप्पणीहरू र आलोचना भैरहेको छ। नयाँ कोभिड-१९ को विश्वब्यापी महामारीको यस अवधिमा यो पार्टी र यसको सरकारको बास्तविक चरित्र अरु उडाङ्गो भइरहेको छ । अझ अहिले यो पार्टी भित्र देखा परेको अन्तरविरोधले पनि जनताको ध्यान त्यता तिर केन्द्रित गरिरहेको छ ।

डबल नेकपा र त्यसको सरकारको बारेमा छलफल, बहस र आलोचना भइरहदा मुख्य त कम्युनिष्ट पार्टी र कम्युनिष्ट सरकारले राष्ट्र र जनताको हितमा काम गरेन, भ्रष्टाचारीहरूलाई सम्रक्षण गर्यो भन्ने कोण बाट बढी आलोचना र विरोध भइरहेको छ। सर्वप्रथम डबल नेकपा कम्युनिष्ट हो की होइन भन्ने विषयमा विचार गरौं । सच्चा कम्युनिष्ट को हुन सक्छ भन्ने विषयमा का. लेलिन भन्नुहुन्छ "जो मात्र वर्ग संघर्षलाई मान्दछ त्यो अझै मार्क्सवादी होइन, त्यो अझै पनि पुंजीजीवि चिन्तन र पुंजीजीवि राजनितिको घेरा बाट बाहिर निस्किएको *बाँकी ६ पेजमा*

## सम्पादकीय

# भारतीय हस्तक्षेपलाई अन्तर्राष्ट्रियकरण गर

आधुनिक नेपालको निर्माण अवधिदेखि नै भारतले नेपालमाथि श्रृङ्खलाबद्ध रूपमा हस्तक्षेप गर्दै आएको छ। सन् पचासको त्रिपक्षीय सन्धियता भारतले नेपालमाथि राजनीतिक, प्रशासनिक, साँस्कृतिक, भाषिक, आर्थिक, भौगोलिक रूपमा हस्तक्षेप गर्दै आएको ऐतिहासिक तथ्यहरूले स्पष्ट पार्दछ । ब्रिटिशकालीन मानसिकताबाट ग्रसित भारतीय शासक वर्गले नेपालको प्राकृतिक सम्पदादेखि मानवीय स्रोधसाधनमाथि समेत एकाधिकार कायम गर्दै आएको छ।

सीमाविदहरूका अनुसार नेपाल भारतबीच १८५० कि.मि.सीमा जोडिएको छ। त्यसमध्ये ६०६ कि.मि.सिमानामा विवाद रहेको छ। नेपालको २७ जिल्ला सीमा जोडिएकोमध्ये २४ जिल्लाको ७१ स्थानमा सीमा विवाद रहेको छ। कुल ६०६२७ हे.जमिन अतिक्रमित भएको छ । त्यसमध्ये सबैभन्दा धेरै दार्चुलाको कालापानी क्षेत्रमा ३७००० हे.(३७२ वर्ग कि.मि.) र परासीको सुस्ता क्षेत्रमा १४६७० हे. (१४७ वर्ग कि.मि.) अतिक्रमित भएको छ।

गएको कार्तिक १६ गते भारतले नेपालको लिम्पियाधुरा, कालापानी, लिपुलेक लगायत भूमि आफ्नो नक्सामा गाभेर नयाँ राजनीतिक नक्सा जारी गर्‍यो । जसको तीव्र रूपमा देशव्यापी विरोध भयो। नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल लगायत १० राजनीतिक दलले मोर्चाबन्दी गरेर नै आन्दोलन अगाडि बढाए। नागरिक स्तरमा पनि सीमा बचाऔं अभियान बनाएर आन्दोलन अगाडि बढाइयो । तमाम ऐतिहासिक दस्तावेज तथा प्रमाणहरूका आधारमा अतिक्रमित भूमिसहितको नक्सा जारी गर्दै सरकारलाई समेत वास्तविक राजनीतिक नक्सा जारी गर्न राजनीतिक तथा नागरिक स्तरबाट व्यापक रूपमा दबाब सिर्जना गरियो । तर सरकारले अहिलेसम्म पनि आफ्नै देशको पनि नक्सा जारी गर्न सकेको छैन । भारतलाई सामान्य कुटनीतिक नोट पठाएको सरकारले यस विषयमा कुनै महत्व दिएन । बरु अतिक्रमित भूमि भारतकै भएको जिकिर गर्‍यो । अतिक्रमित भूमि फिर्ता गराउने सवालमा विरोध र प्रतिरोध जारी रहेकै अवस्थामा विश्वव्यापी महामारीका बीचमा भारतले फेरि अतिक्रमित नेपाली भूमिबाटै मानसरोवर जोड्ने सडक निर्माण गरेको समाचार सार्वजनिक हुन पुगेको छ। भारतीय रक्षामन्त्रीले गएको शुक्रबार मात्र भिडियो कन्फ्रेन्समार्फत् उक्त सडकको उद्घाटन गरेको समाचार सार्वजनिक भएपछि यतिखेर देशव्यापी रूपमा विरोध भइरहेको छ। यो विरोध सडकदेखि संसदसम्म पुगेको छ। सरकारका गृहमन्त्रीले अतिक्रमित भूमिबारे विगतका शासकहरूले गरेको गल्तीका कारण हामीले दुःख पाएको भन्दै चीन, भारत र बेलायतसँग कुरा गर्नुपर्ने विचार व्यक्त गरेका छन्।

जनस्तर तथा राजनीतिक स्तरमा चर्को विरोध भएपछि परराष्ट्र मन्त्रालयले बेनामे र मितिसमेत नभएको वक्तव्य जारी गरेको छ भने सत्तारुढ डबल नेकपाले समेत वक्तव्य निकालेर विरोध गरेको छ। रूप पक्षमा हेर्दा सडक, सदन र सरकारसम्ममा अतिक्रमित भूमि नेपालको हो र त्यो फिर्ता हुनुपर्छ भन्ने विषयमा एकमत भएको देखिन्छ। तर सारतः ओली नेतृत्वको सरकार लगायत संसदवादी पार्टीहरू भारतीय शासकवर्गसँग अतिक्रमित भूमि फिर्ता गराउने सवालमा कुटनीतिक वार्ता गर्न सक्ने हैसियतमै नभएको पुष्टि भएको छ।

नेपाल भारतका प्रबुद्ध समुहले लामो अध्ययन गरी तयार पारेको प्रतिवेदन समेत अहिलेसम्म नबुझेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अतिक्रमित भूमिका विषयमा नेपालसँग कुनै कुरा गर्नै चाहेका छैनन्। प्रबुद्ध समुहको प्रतिवेदनमा र क्रान्तिकारी माओवादी लगायत डबल नेकपाका नेताहरूले समेत नेपाल भारत सीमामा तारबार लगाउनु पर्छ भनेर आवाज उठिरहेको बेला भारतीय शासक वर्ग त्यसो गर्न तयार भइरहेको छैन । बरु नेपालका शासहरूको शासकीय महत्वकांक्षालाई प्रयोग गर्दै नेपालको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डतामाथि गम्भीर हमला बोलिरहेको छ। र, नेपालभित्र आर्थिक, राजनीतिक, सामाजिक तथा साँस्कृतिक रूपमा समेत एकाधिकार कायम गर्न खोजिरहेको छ । नेपाललाई सिक्किमीकरण, भुटानीकरण वा फिजीकरण के बनाउन सकिन्छ, त्यसको तीव्र तयारीमा रहेको देखिन्छ।

यस अवस्थामा अतिक्रमित भूमि फिर्ता गराउनका निम्ति नेपालसँग यो मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्ने र देशव्यापी रूपमा भारतीय हस्तक्षेपका विरुद्ध सशक्त प्रतिरोध आन्दोलनको विकास गर्नुको विकल्प छैन । त्यसका लागि राजनीतिक पार्टीहरू, नागरिक समाज लगायत सबै पक्षबाट सशक्त रूपमा आवाज उठाउन, पहल गर्न जरुरी छ। सबै सच्चा देशभक्त तथा क्रान्तिकारीहरूको सुदृढ एकता र सचेत पहलकदमीबाट मात्र नेपाली राष्ट्रिय स्वाधीनताको रक्षा सम्भव छ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौं।

www.moolbato.com

# कोभिड १९को जोखिम र सरकारको भूमिका



● सीपी गजुरेल ●

कोभिड १९ को महामारी विभिन्न देशमा फैलिने क्रम जारी नै छ। यो कहिले सम्म कायम रहने र क्षति पुऱ्याउने हो, त्यो कसैले पनि भविष्यवाणी गर्न सक्ने अवस्था छैन । करिव ४ महिनाको अवधिमा यो महाव्याधीको संक्रमणमा पर्नेको संख्या यी पंक्ती लेखिँदा सम्म विश्वस्तरमा ४१ लाख १५ हजार ६२६ पुगि सकेको छ। यो महामारीमा परेर २ लाख ८० हजार ५९४ जना मानिसले ज्यान गुमाइसकेका छन् । नेपालमा पनि ख्याल ख्याल मै संक्रमितको संख्या ११० पुगिसकेको छ। विज्ञहरूको भनाई के छ भने सरकारको तर्फबाट व्यापक परीक्षण गर्ने व्यवस्था नभएको कारणबाट यो संख्या कम देखिएको हो । यो हुनुको अर्थ हो रोगीको पहिचान भएको छैन र रोग फैलाउने काम निरन्तर भैरहेको छ । यसबाट यो महाव्याधी अनियन्त्रित रूपमा भित्र भित्रै बृद्धि भैरहेको छ । यसले कोरोना भाइरसको जोखिम बढाउने काम अप्रत्यक्षरूपमा सरकारको असक्षमताका कारणबाट भैरहेको छ।

हाम्रो उत्तर तिरको छिमेकी चीन को हुबेई राज्यको राजधानी वुहानबाट सुरु भएको यो महाव्याधी अहिले सम्म २१० मुलुकमा फैलिसकेको छ । अण्टार्कटिका महादेश बाहेक अन्य कुनै पनि महादेश यसको प्रकोप बाट जोगिन सकेन । हाम्रो लागि यो अत्यन्त खुसिको कुरा थियो कि सात समुद्र पारीका देशमा यो महाव्याधीले महामारीको रूप लिएर तहल्का मचाइ सक्दा पनि नेपालमा यसले प्रवेस गरेको थिएन। हिमाल नाघेर नेपाल आउने चेष्टा गरेन । पहिलो तरंगबाट हामीहरू जोगिन पायौं । यो नेपालका लागि औषधी, अन्य सामग्री, आर्थिक व्यवस्थापन आदिको निमित्र हामीलाई पर्याप्त समय प्राप्त भएको थियो । तर, सरकारकै गल्ती र लापरवाहीका कारणबाट नै ती सामग्री आज पर्यन्त पर्याप्त मात्रामा व्यवस्था भएको छैन ।

> हाम्रो उत्तर तिरको छिमेकी चीन को हुबेई राज्यको राजधानी वुहानबाट सुरु भएको यो महाव्याधी अहिले सम्म २१० मुलुकमा फैलिसके को छ । अण्टार्कटिका महादेश बाहेक अन्य कुनै पनि महादेश यसको प्रकोप बाट जोगिन सकेन । हाम्रो लागि यो अत्यन्त खुसिको कुरा थियो कि सात समुद्र पारीका देशमा यो महाव्याधीले महामारीको रूप लिएर तहल्का मचाइ सक्दा पनि नेपालमा यसले प्रवेस गरेको थिएन

सबै मोर्चामा असफल भएको ओली सरकारले कोरोना भायरसका सन्दर्भमा सरकारका सबै योजना सहि भएको र सरकारले ठिक ढंगले काम गरेको हुनाले यसबाट क्षति कम भएको भन्ने कुरा के पि ओली ले वारम्वार दोहोऱ्याउने गरेका छन् । के यो कुरा सत्य हो ? होइन । तथ्यहरूले के पुष्टि गर्दछन् भने यदि नेपालमा सक्षम र जनता प्रति इमान्दार सरकार हुन्थ्यो भने विश्वका कोरोनाबाट अहिले सम्म प्रभावित नै नभएका १५ राष्ट्रका हाराहारीमा रहने गौरव हामीलाई प्राप्त हुन सक्ने संभावना थियो । भै हाले पनि हामीले लक् डाउन् गर्नै पर्ने आवस्यकता नै नपर्न सक्दथ्यो र आर्थिक दुरावस्था तथा जनताको आपत् विपद्को स्थिति नआउन पनि सक्ने थियो होला ।

जुन बेला अन्यत्र यो महामारी फैलिसकेको थियो, त्यसबेला नेपालमा देखा नपर्नु त हाम्रो लागि सुनौंला अवसर थियो, यस सम्वन्धी तयारी गर्नका लागि। तर यो सरकार त्यतीखेर सम्म बतासे योजना बनाउँदै थियो । पर्यटन मन्त्री भन्दै थिए : कोरोना भाइरसले नेपालका २० लाख पर्यटक ल्याउने हाम्रो योजनामा कुनै असर पुग्दैन । यसलाई जारि राख्नु पर्दछ । शिक्षा मन्त्री भन्दै थिए : हामीले कुनै पनि हालतमा एस् ई ई परीक्षा गराएरै छाड्नु पर्छ । यसलाई रोक्नु हुँदैन । भूमि सुधार मन्त्री जिल्ला तिर गएर भन्दै थिइन् : हामी नेपालीमा रोग प्रतिरोध क्षमता शक्ति यति धेरै हुन्छ कि कोरोना भाइरसले हामीलाई छुन पनि सक्दैन ।

उपरोक्त उदाहरणहरूले मात्र पनि के कुरा स्पष्ट हुन्छ भने सरकारको सहि चेत, सही नीति र योजना भएको कारणबाट कोरोना भाइरस् संक्रमण कम फैलिएको भन्ने भनाईृ गलत छ ।

कोरोना भाइरसको सन्दर्भलाई हेर्ने हो भने यदि चैत्रको पहिलो दिन देखि मात्र पनि हामीले अन्तर ाष्ट्रिय उडानहरू रोक्न सकेको भए, विदेशबाट आउने संक्रमणलाई रोक्न सकिँदो रहेछ । तर त्यतीबेला सम्म युरोप र अमेरिकाबाट पर्यटक ओसार्ने सपना देखिरहेको सरकारले त्यस्तो योजना बनाउनु संभव थिएन ।

माथि हामीले जुन चर्चा गऱ्यौं, त्यो पहिलेको सन्दर्भको कुरा हो। आउने दिनमा कोरोना भाइरसको समस्या सँग कसरी जुध्ने र यसको रोकथाम र नियन्त्रण कसरी गर्ने भन्ने विषयमा सोच्नु बढी जरुरी छ। यो महाव्याधी यो महिना देखि यो महिना सम्म रहन्छ भन्ने कुराको कुनै वैज्ञानिक जानकारी कसैलाई पनि छैन। यो अब यो महिना वा त्यो महिना सम्म रहने त हो नि भनेर कसैले भन्छ भने त्यो हामी नेपालीलाई कोरोना भाइरसले छुँदै छुँदैन भने जस्तै बकवास मात्र हो । हाम्रो देशमा पछि देखा परेको हुनाले त्यसले पछि नै महामारीको रूप लिन पनि सक्छ, जुन अहिले रुसमा भैरहेको छ। त्यसकारण, कुनै पनि शर्तमा हामीले यस सम्वन्धमा खेलाँची गर्नु हुँदैन ।

जहाँ सम्म ओली नेतृत्वको सरकारको कुरा छ, यसले सुरुमा गल्ती गऱ्यो । त्यसबाट पाठ सिकेर अब नेपाली जनतालाई यो महाव्याधीबाट सुरक्षित राख्न गम्भीरतापूर्वक ध्यान दिनु पर्ने हो । त्यो पनि हुन सकेको छैन । जब यो सरकारले कोरोना भाइरसका विरुद्धको ठोस योजना बनायो, पहिलो गाँस मै ढुंगा भने जस्तो त्यसको जिम्मा लिने मन्त्रीहरूकै संलग्नतामा बनेको 'ओम्नी'नाम गरेको खरिद कम्पनी नै नक्कली सावित भयो। नक्कली कम्पनीले गएर चीनमा पनि प्राइभेट कम्पनी सँग विश्व स्वास्थ संगठनले प्रयोग गर्न नमिल्ने भनेर पहिचान गरिसकेका सामानहरू सस्ता मूल्यमा ल्याएर बढी कमिशन खाने काम गऱ्यो । पछि उक्त कम्पनी फर्जी भएको पुष्टि भैसकेपछि त्यसको दर्ता खारेज गरियो । त्यसले राखेको धरौटी पनि सरकारले जफत गऱ्यो । तर, त्यो प्रकृयाको निमित्त मुख्य जिम्मेवार मन्त्रीहरूलाई कारवाही भएन र नक्कली सामान कोरोना जाँचको निमित्त आज सम्म पनि प्रयोग गरिनै रहेका छन् ।

ख्याल ख्यालमै नेपालमा संक्रमितको सख्या ११० पुगिसकेको छ । यसले संक्रमितको संख्या एकैपटक ठुलो संख्यामा देखिने खतरा पैदा भएको छ । त्यसकारण, हामीले यो तथ्यलाई राम्रो सँग आत्मसात गर्नु पर्छ कि हाम्रो देश अहिले आएर कोभिड १९ को अत्यन्त जोखिमको अवस्थामा छ ।

यो चरणमा सबै भन्दा पहिलो आवश्यकता हो संक्रमितको पहिचान । त्यसको निमित्त परीक्षण अनिवार्य हुन्छ। विश्व स्थास्थ संघले स्वीकृत गरेको पी सि आर् परीक्षणलाई तीब्रता दिने काम पहिलो प्राथमिकताको हो। लक् डाउन् गरेकै बेलामा यसको व्यवस्थापन गर्नु आवश्यक हुन्थ्यो। तर सेनालाई यो जिम्मा दिएको पनि एक महिना हुन लाग्यो। सेनाका प्रवक्ताले भन्दछन् 'यो सामान नेपाल आइपुग्न अझै १० दिन लाग्दछ ।' कोरोना उपचार भैरहेका अस्पतालका डाक्टरहरू भन्दछन् : 'परीक्षण रोकिएको छ, किनभने परीक्षण गर्ने किट नै सरकारले उपलव्ध गराएन ।' कोरोना भाइरस समुदायमा फैलिरहेको बेलामा परीक्षण बन्द गराइनुलाई सरकारको सामाँन्य गल्ती भन्न मिल्दैन। यो सरकारको गम्भीर लापरवाही हो। यो एक प्रकारको अपराध हो। यसको विरोधमा जनताले आवाज उठाउनु आवश्यक भैसकेको छ।

२०७७ / १ / २८

# गिद्धहरूले फूलतिर हेर्दैनन्, सिनो मात्रै हेर्छन्



● पुष्प गोपाल श्रेष्ठ ●

झापा विद्रोह र दश वर्षिय महान जनयुद्धको मोर्चाबाट भागेर, आत्म-समर्पण गर्न पुगेका यी दुई आत्मा-समर्पणवादीहरूको संयुक्त टोली डबल नेकपाको यो कम्युनिष्ट नकावधारी केपी ओली नेतृत्वको वर्तमान सरकारले, ल्याएको जनविरोधी अध्यादेशहरू देश र जनता प्रतिको विश्वासघात हो । यतिखेर हाम्रो देश नेपालमा मात्र होइन, विश्वलाई नै आतंकित र संकटग्रष्ट पार्दै आइरहेको यो कोरोना भाइरसको संक्रमण विरुद्ध, अहिले देशका सबै मिलेर संघर्ष गर्नुपर्ने बेलामा, दल विभाजन सम्बन्धी व्यवस्था र संबैधानिक परिषदको गणपुरक संख्या घटाउने अध्यादेश ल्याएर, आफ्नो विरंकूशतालाई मजबुत बनाउने उद्देश्यलाई नाङ्गोपाराले उजागर गर्न ल्याएका थिए । जस्को चौतर्फी विरोधको सामू लगभग ४८ घण्टासम्म पनि थाम्न नसकि अध्यादेश फिर्ता लिन वाध्य हुनुपगेका थिए ।

विश्वमा आइपरेको यस्तो महामारिको अवस्थाबाट देश नेपाल अछुतो छैन । तर, सत्तापक्ष देशमा आइपरेको यस्तो संकटको अवस्थामा पनि सर्वदलिय सहकार्यको कल्पना त परको कुरा, सत्तारुद्ध दलकै शरिरका सबै अंगहरू समन्वयकारी भूमिकामा नदेखिनु र प्रधानमन्त्री, सर्वदलिय संयत्र मार्फत काम गर्न अनुक्षुक हुनु शंकास्पद रहेको छ ।

संसदीय दलहरूले भन्दै आएको यो संसदिय लोकतन्त्र, खासमा यो सच्चा लोकतान्त्रिक व्यवस्था नै हो भने, प्रधानमन्त्रीले गर्ने हरेक काम संसदिय दलको जानकारी र छलफलबाट, कि संसदको छलफलबाट गर्नुपर्ने हो । तीन मध्ये सकेसम्म तीनवटै नत्र एउटा न एउटाबाट प्रधानमन्त्री संचालन हुनुपर्ने हो । तर, अहिले प्रधानमन्त्रीले यी तीनवटै ठाउँमा कुनै पनि जानकारी र छलफल बिना दल फुटाउने र संवैधानिक परिषदको गणपुरक संख्या घटाउने अध्यादेश ल्याउनु । अर्थात देशभित्रको कुनै पनि आफु संचालित निर्देशित र नियन्त्रित हुने ठाउँबाट संचालित छैन भने उहाँ कहाँबाट संचालित हुनुहुन्छ त ? पक्कै पनि वहाँ विदेशिको इसारा र शक्तिबाट संचालित हुनुहुन्छ भन्ने यसको प्रमाण नै यही हो । यो भन्दा अरु आधार खोज्नु केही पनि जरुरी छैन ।

लोकतान्त्रिक व्यवस्थामा जवाफदेहिता, पारदर्शिता र प्रभावकारिता लोकतन्त्रका आधारभूत तत्व हुन् भने प्रत्येक नागरिकको सुरक्षा एवम् हितको प्राथमिकता लोकतान्त्रिक सरकारको कर्तव्य हुन् । उनीहरू आफैले निर्माण गरेको उच्चस्तरिय भनिएको लोकतान्त्रिक संविधानले निर्दिष्ट गरेको पद्दतिबाट गठित वर्तमान कम्युनिष्ट नामधारी केपी ओलीको नेतृत्व वर्तमान सरकारले लोकतान्त्रिक आचरण पूर्णरूपले पालना गर्नुपर्थ्यो, गरेको छैन मात्र होइन, वर्तमानको यो स्थिति कोभिड-१९ को महामारीले दिएको पिडा माथिको घाउमा खुर्सानी छर्किन्दो क्रियाकलापले आम जनतालाई आहत बनाएको छ ।

देशमा संभावित कोभिड-१९ (कोरोना भाइरस)को संक्रमणलाई नियन्त्रित गर्न भनी निर्माण गरेको उच्च स्तरिय कोरोना भाइरस नियन्त्रण समन्वय समितिका संयोजक उप-प्रधानमन्त्री इश्वर पोखरेल स्वास्थमन्त्रीहरू समेतको कार्यविधि अर्थात देशमा आइपरेको यो कोभिड-१९ नियन्त्रण र उपचारको निम्ति आवश्यक उपकरण र औषधिजन्य ल्याउन आब्हान गरेको टेण्डर बमोजिम १९ वटा अनुभवी कम्पनिहरूले कोटेशन बुझाई सकेको अवस्थामा, ती सबै कोटेशनहरूलाई रद्दीको टोकरीमा फालेर, बिना अनुभवको कम्पनी ओम्नीलाई ठाडो आदेशको भरमा विदेशबाट स्वास्थ्य सामग्री आयात गर्ने ठेक्का दिनु, त्यो पनि सामग्रीको पर्दो मुल्य भन्दा दशौं गुणा बढि मूल्यमा आयात गर्न दिनुको विरोधमा उर्लेको जनविरोधलाई लक्षित गर्दै, डबल नेकपाको यो कम्युनिष्ट नामधारी केपी ओली नेतृत्वको वर्तमान सरकारका परराष्ट्रमन्त्री प्रदिप ज्ञवाली आफु उपबुज्रुक बनी, कागले आफ्नो नाउँ आफैले काढ्नु भनेजस्तै गरी "गिद्धहरूले फुलतिर हेर्दैनन, सिनो मात्रै हेर्छन्" भन्ने उक्ति प्रस्तुत गरेका थिए । तर, वास्तवमा यो उक्तिले वर्तमान सरकारको क्रियाकलापलाई उदाङ्गो पार्न स्पष्ट हुनेगरी सघाएको छ ।

दलाल अर्थात बिचौलियाको भूमिका सधै केन्द्रमा राख्ने फासिवादी राज्यको चरित्र बाँकी ७ पेजमा

# जाति, वर्ग र अस्मितावादी राजनीति

शिवानी

जेलाई अस्मितावादी अथवा पहिचानको राजनीति (आइडेन्टिटी पोलिटिक्स) भन्ने गरिन्छ, त्यसको आरम्भ बृहत्तर रूपमा सन् ८० को दशकमा भएको बोध गर्नसकिन्छ । यसको केन्द्रमा अस्मिता अथवा पहिचानको अवधारणा रहेको कुरा यसको नामबाटै प्रस्ट हुन्छ । समाजशास्त्रीय अथवा सामाजिक नृतत्वशास्त्रीय (सोसल एन्थ्रोपोलोजिकल) अर्थमा 'अस्मिता' आचरणसम्बन्धी एवम् व्यक्तित्व विशेषताको त्यो समुच्चय हो, जसले कुनै पनि व्यक्तित्वको एउटा समूहको सदस्यका रूपमा परिचय प्रदान गर्छ । आमरूपमा यो पहिचान जाति, लिङ्ग, धार्मिक सम्प्रदाय, नश्ल आदि वस्तुगत सामाजिक विभाजनद्वारा निर्धारित हुनेगर्छ, तर सापेक्षिक रूपमा यसलाई स्थिर, स्थितिगत र सामाजिक रूपमा प्रदत्त मान्ने गरिन्छ । अस्मितावादी राजनीतिको प्रस्थानबिन्दु अस्मिताको परिभाषा यही नै हो । परन्तु यसले सामूहिक परिघटनाको रूपमा कुनै पनि पहिचानको कुरा गर्दैन, बरु थुप्रै विखण्डित पहिचानमा जोड दिन्छ । यसमा पहिचानको विखण्डीकरण मान्छेको व्यक्तित्वको धरातलमा मात्र नभएर सम्पूर्ण समाजको धरातलमा पनि गर्नेगरिन्छ । एउटा वर्गयुक्त समाजमा कुनै पनि व्यक्तिको बहुआयामी पहिचान हुन्छ । हरेक मान्छेसित कुनै न कुनै जात, भाषा, वर्ग र राष्ट्रियताको पहिचान हुन्छ । अस्मितावादी राजनीति यी सबै पहिचानहरूलाई अगाडि ल्याउँछ र यिनको सारभूतीकरण (एसेन्सियलाइजेसन) गर्दछ । यो पहिचान ( जसलाई सही अर्थमा पहिचान भन्न पनि सकिँदैन) जसको यस राजनीतिले सामान्य चर्चा पनि गर्दैन, त्यो हो वर्ग पहिचान । वर्ग पहिचान प्राकृतिक रूप, नश्लीय, क्षेत्रीय अथवा भाषागत रूपमा प्रदत्त हुँदैन । वर्ग अस्मिता समाजको आधारभूत गतिविधि अर्थात् उत्पादनको गतिविधिद्वारा निर्मित हुन्छ, जसमा संलग्न भएका मान्छेहरू एकआपसमा आफ्नो इच्छाभन्दा स्वतन्त्र, केही निश्चित सामाजिक सम्बन्ध स्थापित गर्छन् । परन्तु पहिचानवादी राजनीतिले यस किसिमको चिनारीप्रति कहिल्यै पनि जोड दिँदैन । तपाईंहरू यस्ता स्वयम्सेवी सङ्गठन (एनजिओ) पाउनुहुन्छ, जुन लिङ्ग, जाति, क्षेत्र अथवा भाषाको पहिचानको आधारमा निर्मित छन् । तर तपाईँहरू विरलै रूपमा यस्ता एनजिओहरू पाउनुहुनेछ, जुन मजदुर हकहितसित गाँसिएका एनजिओ होऊन् ।

आदिम समुदायगत पहिचानलाई अति रेखाङ्कित गर्न र वर्गपहिचानलाई बेवास्ता गर्ने प्रवृत्तिका पछाडि के उद्देश्य छ त ? यसलाई जान्न सबैभन्दा पहिले पहिचानको राजनीतिसित सम्बद्ध आरम्भकालको विश्वको भौतिक पृष्ठभूमि जान्नु आवश्यक छ । साथै ' नयाँ सामाजिक आन्दोलन' 'विश्व सामाजिक मञ्च' र गैरसरकारी सहभागीताको उद्भवको परिघटनालाई पनि पहिचानको राजनीतिका परिप्रेक्ष्यका सन्दर्भमा सामुन्नेमा राख्नु आवश्यक हुन्छ ।

*पहिचानको राजनीतिको उदयको भौतिक पृष्ठभूमि*

सन् १९८० र १९९० को दशकमा भूमण्डलीकरणको आगमनपछि विश्वका ती देशहरू जहाँ नवउदारतावादी आर्थिक नीतिहरू लागू गरिएको थियो, त्यहाँ ठूलो मात्रामा मान्छेहरू घरवारविहीन भए, बेरोजगारी तीव्र रूपमा बढ्यो र जनतामा असन्तोष पनि तीव्र रूपमा बढ्न थाल्यो । यस्तो भूमण्डलीकरणको प्रक्रियाको प्रभावका कारण जनताका बीच विकसित भयङ्कर आक्रोसमाथि चिसो पानी खन्याउन तथा तीव्र हुँदैगएको वर्गअन्तर्विरोधलाई धुमिल पार्नका लागि अस्मितावादी राजनीतिले सुसज्जित एउटा यस्तो विचारधारात्मक हतियारको आवश्यकता पऱ्यो, जसले देखावटी रूपमा भए पनि क्रान्तिकारी (ऱ्याडिकल) कुरा गरोस् । पहिचानवादी राजनीतिले सिमान्तकृत र किनारातर्फ धकेलिदिएकाहरूको अस्मिता अथवा पहिचानको कुरा गर्दै वर्गपहिचानको दृष्टिलाई ओझेलमा पार्दछ । उदाहरणका लागि फ्रान्सेली सरकारको लगानीमा काम गर्ने एनजिओ 'वर्ल्ड माउन्टेन पिपुल्स एसोसिएसन' लाई लिन सकिन्छ । यो एनजिओ देशभित्र मात्र होइन, संसारभरका पहाडी क्षेत्रमा बसोबास गरेका मान्छेहरूलाई एकजुट हुन आह्वान गर्छ । उसका भनाइअनुसार पहाडी क्षेत्रमा रहेका गरिब हुन् अथवा धनी सबैको मुद्दा एउटै हन्छ, किनभने उनीहरू पहाडी क्षेत्रमा बस्छन् । यो एक प्रकारको क्षेत्रीय तथा जातीयतावादी पहिचानको आह्वानमा आयोजित राजनीति हो ।

यसरी भूमण्डलीकरणका कारण तीव्र बनेको वर्गविभाजन र ध्रुवीकरणको परिणामस्वरूप बन्ने वर्गमा आधारित एकतालाई रोक्नका लागि पहिचानको राजनीतिलाई प्रयोग गर्न थालियो । पहिचानको राजनीति वस्तुतः विश्व पुँजीवादी आन्तरिक कार्यप्रणालीकै अङ्ग हो, जसलाई भूमण्डलीकरणको प्रक्रियाका कारण अनिवार्य बन्दैगएको विष्फोटक सामाजिक परिस्थितिलाई नियन्त्रणमा राख्नका लागि एउटा प्रति-सन्तुलनकारी शक्तिका रूपमा पुँजीवाद आफैँद्वारा पोषित गरिएको छ । पुँजीको आफ्नो स्वतन्त्र तर्क के छ भने यसरी निर्बाध गतिमा विकसित भएमा, सामाजिक वर्गीय ध्रुवीकरण र तीव्र सामाजिक अन्तर्विरोधका विष्फोटहरूले छिट्टै नै पुँजीवादी व्यवस्थालाई उसको परिणतिमा पुऱ्याउने छन् । यसलाई रोक्नका लागि सारा संसारमा बुर्जुवा सिद्धान्तकारहरू, राज्यसत्ताहरू र अन्तर ाष्ट्रिय संस्थाहरू थरीथरीका गतिअवरोधक (स्पिडब्रेकर) र 'सेफ्टी भल्व' (जिकास) हरू बनाउने गर्छन् । साथै आफ्नो व्यवस्थाको सुरक्षाका लागि दोस्रो र तेस्रो सुरक्षा घेराहरू तयार पार्छन् र जनसङ्घर्षका बीच थरीथरीका 'ट्रोजन हर्स' घुसाउने गर्छन् । 'वर्ल्ड सोसल फोरम' जस्ता मञ्चहरू यसै 'ट्रोजन हर्स' को भूमिका पूरा गरिरहेका छन्, जसले तथाकथित 'नयाँ सामाजिक आन्दोलन' को साझा मञ्च भएको दाबी गर्छ । यो नाम पनि विलक्षण छ । यो राजनीतिक संस्था होइन, यसले आफूलाई सामाजिक संस्था भएको कुरामा जोड दिन्छ । राजनीतिक हुनुको अर्थ हो सत्ताको प्रश्नलाई उठाउनु, व्यवस्थाको प्रश्नलाई उठाउनु । यो आन्दोलन यही प्रश्न चाहिँ उठाउन चाहँदैन । आज यही काम तथाकथित 'न्यु सोसल मुभमेन्टस्' तथा अस्मितावादी राजनीतिको नारा घन्काउने सारा एनजिओहरू र तीद्वारा प्रायोजित सङ्गठन एवम् आन्दोलनहरूले गरिरहेका छन् । यिनीहरू सत्ता र व्यवस्थासम्बन्धी प्रश्नहरूलाई मूल मुद्दाबाट गायब गरीदिन्छन् । पुँजीपति वर्गलाई कहिल्यै पनि कठघरामा उभ्याउँदैनन् । दुस्मन को हो, यो पनि भनिँदैन, कसका विरुद्ध लड्ने हो, त्यो पनि खुलस्त पारिँदैन । सरकारमाथि प्रश्न उठाउनुलाई गलत भन्ने गरिन्छ र क्रान्तिकारी (ऱ्याडिकल) शब्दाडम्बर प्रयोग जनताको पहलकदमी, तलबाट गरिने (ग्रासरुटी) पहलकदमी आदिको कुरा गर्दै हरेक दुःख, पीडा र बेचैनीको जिम्मेवारी जनतामाथि नै थोपरिने गरिन्छ ।

यहाँ एउटा महत्वपूर्ण बिन्दुतर्फ ध्यानाकर्षण गर्नु आवश्यक छ । पुँजीवादी व्यवस्था एक किसिमको 'होमोजेनाइजर' हुन्छ र यसलाई पहिचानको धरातलमा एक किसिमको एकरूपताको आवश्यकता पर्दछ । आर्थिक धरातलमा पुँजीवादले एउटा सार्वभौमीकरण (युनिफर्मलाइजेसन) को प्रक्रियालाई व्यावहारिक रूप दिन्छ । यो आर्थिक सार्वभौमीकरण अधिरचनामा पनि सार्वभौमीकरणमा अभिव्यक्त हुन्छ । यो सार्वभौमीकरण पुँजीवादले लोग्नेमान्छे/स्वास्नीमान्छेको पहिचानका रूपमा पनि गर्छ, एउटा मान्छेको रूपमा, एउटा स्वतन्त्र व्यक्तिका रूपमा पनि गर्छ । कम्तीमा पनि सोलोडोलो रूपमा उसले यो काम गर्छ । पुँजीवादले नै मजदुर वर्गभित्र वर्गबोध उत्पन्न गर्छ र यदि यस्तो वर्गलाई पनि विशेष ऐतिहासिक अर्थमा अस्मिता भन्यौँ भने यसले वर्गअस्मिता पनि निर्माण गर्छ । तर यो उसको चाहना होइन । यो सार्वभौमिक अस्मिता पुँजीवादका लागि खासगरेर परजीवी र मरणाशन्न अवस्थामा खतरनाक साबित हुन्छ, किनभने यो स्वतः वर्गध्रुवीकरणतर्फ अग्रसर हुन्छ । यस प्रक्रियामा उत्पन्न हुने वर्गचेतना पुँजीवादका लागि घातक बन्छ ।

त्यसैले पुँजीवादलाई आर्थिक धरातलमा सार्वभौमीकरणको जरुरत परे पनि अधिरचनाको क्षेत्रमा भने उसलाई विखण्डनको आवश्यकता पर्छ । सामन्तवाद विरोधी सङ्घर्षमा उसले जुन पहिचानहरूका विरुद्ध लडाइँ गरेको थियो, तिनै मृत पहिचानहरूलाई जीवित गर्नुपर्ने आवश्यकता उसलाई पर्छ । यस्ता व्यापक परिप्रेक्ष्यभित्र नै पहिचानको राजनीतिका पछाडि निहित राजनीतिक एजेन्डालाई अवस्थित गर्न सकिन्छ ।

*अस्मितावादी राजनीति र उत्तरआधुनिकतावाद*

यो अरू केही पनि होइन, उत्तरआधुनिक एजेन्डा हो । उत्तरआधुनिक दर्शन महाख्यान (मेटा-न्यारेटिव) को युग समाप्त भइसक्यो भन्छ । यसले सबै किसिमका सार्वभौमीकरण, सामान्यीकरण, समाङ्गीकरण (होमोजेनाइजेसन) र मानवीकरण दमनकारी हुन्छ भन्छ । पश्चिमी साम्राज्यवाद, आधुनिकता, तर्क आदिको नाम दिएर प्राच्य विश्वलाई अधीनमा राख्छ । उत्तरआधुनिकतावादी दर्शनअनुसार, यथार्थतः सबै विचारधाराअरू प्रबोधन- नामको पश्चिमी षड्यन्त्रका हिस्सा हुन् । पश्चिमी औपनिवेशिक विमर्शअन्तर्गत यो 'पारम्परिक ज्ञान', 'प्राच्य भद्रतापन, देशी समुदाय, पहिचान, भाषा, संस्कृति आदि कुराको महिमामण्डित गर्छ । उत्तरआधुनिकतावाद हरेक खालको सारभूतीकरणका विरुद्धमा छ । तर आधुनिकताको विरुद्ध आफ्नो यस लडाइँमा यो सम्पूर्ण प्राक्आधुनिक/प्राच्य पहिचानको सकारात्मक निरपेक्षीकरण गर्दछ । जुन देशीय छ, प्राक्आधुनिक छ त्यो राम्रो छ ; आधुनिकता अवाञ्छित छ ।

ल्योतार्डले सन् १९७० को दशकको उत्तरार्ध र १९८० को दशकको पुर्वार्धमा दर्शनको तहमा उत्तरआधुनिकतावादी एजेन्डाको आरम्भ गरेका थिए । त्यसपछि अनेक 'उत्तर' विचारशृङ्खला जोडिँदैगए –जस्तो यसमा उत्तरऔपनिवेशिक चिन्तन, उत्तरसंरचनावाद, उत्तरमार्क्सवाद, उत्तरनारीवादी, उत्तरप्राच्यवाद पर्दछन् । मूलतः यी सबै उत्तरआधुनिक चिन्तनकै अलगअगल अङ्ग, आयाम अथवा विस्तार हुन् । यी सबै चिन्तनशरणीहरूको केन्द्रमा 'सत्ता' (पावर) को धारणा अवस्थित छ । उत्तरआधुनिक चिन्तनका एकजना प्रमुख दिग्गज मिसेल फुकोका अनुसार सत्ता रौँ रौँमा अडिएको हुन्छ र विकेन्द्रित हुन्छ । यो दैनिक जीवनको अङ्गअङ्गमा व्याप्त भएको हुन्छ र मान्छेद्वारा आभ्यन्तरीकृत गरिएको हुन्छ । यो अप्रतिरोध्य हुन्छ, किनभने यसमा कुनै पनि प्रभावशाली सामाजिक प्रतिरोध, अर्थात् जसमा सामाजिक रूपान्तरणको सम्भावना-सम्पन्नता हुन्छ, त्यसले 'सत्ताको नयाँ रूप' उत्पन्न गर्दछ । यसकारण कुनै पनि सामाजिक रूपान्तरणका लागि सामूहिक रूपमा लडिने लडाइँ अनावश्यक छ । कुनै पनि सामूहिक प्रतिरोध व्यर्थ छ । यदि सामूहिक प्रतिरोधले अन्ततः सत्तालाई जन्म दिन्छ, दमनलाई जन्माउँछ भने फेरि त्यस सत्ताको विरुद्ध प्रतिरोध गर्नुपर्ने आवश्यकता नै किन रह्यो र ? यस्तोमा तपाईं सत्ताको प्रतिरोध कसरी गर्न सक्नुहुन्छ ? फुकोका अनुसार तपाईँ आफ्नो जीवनमा सबै प्रकारका स्थापित र सार्वभौम पक्षको खण्डन गर्दै सत्ता र दमनको प्रतिरोध गर्न सक्नुहुन्छ । सत्ता र दमनको मूलमा नै मानकीकरण, सार्वभौमीकरण र सामान्यीकरणको अवधारणा रहन्छ । त्यसैले निजी जीवनमा लैङ्गिक पहिचान, जातिगत पहिचान आदिसित सम्बन्धित हरेक स्थापित मूल्य र सार्वभौमिकताका विरुद्ध विद्रोह गर्नु नै एक मात्र बाटो हो । यसैलाई फुकोले क्वियर सिद्धान्तका नाम दिएका छन् । आज एनजिओ जगत्मा वैकल्पिक लैङ्गिक पहिचानलाई लिएर जेजति एनजिओहरू काम गरिरहेका छन् अधिकांश एल.जि.बि.टि. (लेस्वियन-गे-बाइसेक्सुअल-ट्रान्सजेन्डर) समुदायको अधिकारका लागि काम गरिहेका छन् भन्ने कुरा आकस्मिक होइन । प्रस्ट छ, कुनै पनि किसिमको सामूहिक प्रतिरोध (वर्ग प्रतिरोध) को अवधारणालाई खारेज गरेर उत्तरआधनुनिकतावाद परिवर्तनसम्बन्धी हरेक प्रकारका अधिकारहरूलाई खारेज गर्दछ ।

समाधान के मा छ त ? कतिपय उत्तरआधुनिकतावादी दार्शनिकहरू फुकोभन्दा केही फरक समाधान खोज्छन् । उनीहरूका अनुसार सत्ताको प्रभावबाट पदूषित नभएका संरचनाहरूमा समाधान छ । उपनिवेशवाद र साम्राज्यवाद सत्ताकै रूप हुन् । त्यसको प्रतिरोध उपनिवेशवाद-विरोधी सङ्घर्षमा राष्ट्रवादको जमिनमा टेकेर गरियो । परन्तु राष्ट्रवाद पनि एउटा आधुनिक दर्शन हो, जुनचाहिँ पश्चिमी उत्पादन हो । त्यसैले यसमा पनि अन्तर्निहित सत्तासंरचना छ । यही कारण हो राष्ट्रवादी सफल लडाइँपछि अस्तित्वमा आएको उत्तरऔपनिवेशिक राज्यसत्ता पनि यथार्थतः आधुनिक राज्यसत्ता हो । आज साम्राज्यवादको विरोध आधुनिकतावादी धरातलमा उभिएर गर्न सकिँदैन । किनभने आधुनिकता साम्राज्यवादकै विश्वप्रभुत्वको सांस्कृतिक-दार्शनिक परियोजना हो र यसै धरातलमा उभिएर प्रभुत्व र सत्ताको प्रतिरोध सम्भव छैन । त्यसैले यस किसिमको चिन्तन राख्नेहरूका अनुसार हामीहरूले त्यस्ता संरचनाहरूको खोजबिन गर्नुपर्दछ, जुन प्राक्आधुनिक छन्, अर्थात् सत्ताबाट अछूत अथवा पश्चिमी प्रभावबाट अछुत छन् । र यी संरचनाहरू के हुन सक्दछन् ? सबै प्राक्आधुनिक पहिचान सबै ' आदिम' अस्मिताहरू (यहाँ आदिम शब्दको प्रयोग पछि परेको भन्ने अर्थमा नभएर त्यस्तो पहिचानको लागि गरिएको छ, जुनचाहिँ सामाजिक-आर्थिक क्रियाप्रतिक्रिया अथवा सम्झौताका सन्दर्भमा उत्पन्न भएको हुँदैन, बरु सहजात स्वरूपमा पैदाभएको हुन्छ । ) जस्तो : आदिवासी, दलित, स्त्री, (विशेष गरेर घरभित्रकी) आदि । उत्तरआधुनिकतावादी चिन्तनअनुसार प्रबोधन, वैज्ञानिक क्रान्ति, तार्किकता, मानवता आदि सबै पश्चिमका वैश्विक प्रभुत्वकै अङ्ग हुन् । उनीहरूका अनुसार यी सबै चिजको विखण्डन जरुरी छ । किनभने यी सबै अपचयनवादी, सार्वभौमवादी, समग्रतावादी, सजातीयताकरणवादी आदि छन् ।

यस सन्दर्भमा विशेष तारो मार्क्सवादलाई बनाउने गरिएको छ । मार्क्सवादलाई पनि आधुनिकतावादी महाख्यानात्मक परियोजनाको हिस्सा घोषणा गर्दै प्रबोधनको विश्वप्रभुत्व कायम गर्ने पश्चिमी षड्यन्त्रको अङ्ग बताएर खारेज गरिएको छ । जब कि, जसले मार्क्सवादको आधारभूत रचनाहरूको अध्ययन गरेको छ उसलाई थाहा छ, मार्क्सवादले प्रबोधनका झैं कहिल्यै पनि अद्वन्द्वात्मक तथा अनालोचनात्मक दृष्टिकोण अँगालेन । उदाहरणका लागि मजदुरहरूका लागि लेखिएको एउटा दस्तावेज, 'समाजवादः काल्पनिक र वैज्ञानिक' मा एङ्गेल्सले प्रबोधनकालीन दर्शन तथा तर्कको सकारात्मक र नकारात्मक दुवै प्रवृत्तितर्फ ध्यानाकर्षण गराएका छन् । तर, प्रबोधन काललाई पूर्ण रूपमा रछ्यानमा फ्याल्नुपर्छ भन्नुका पछाडि फुको र ल्योर्टाडजस्ता व्यक्तिहरूको उद्देश्य आफ्ना बुर्जुवा पूर्वजहरूको विरासतलाई रछ्यानमा फ्याल्नु होइन, जति मार्क्सवादीमाथि हमला गर्नु हो । यो मार्क्सवादविरुद्ध एउटा अप्रत्यक्ष युद्ध चलाउनुको बराबरी छ । मार्क्सवाद र सामाजिक रूपान्तरणको कुरा गर्ने सबै विचारधाराहरूलाई पश्चिमी षड्यन्त्र घोषित गर्ने गरिन्छ र भनिन्छ हामीले वर्ग, समाजवादमा आदिका बारेमा सोच्नु आवश्यक छैन । हामीले त सानासाना विखण्डनको रक्षा गर्नुछ– अर्थात् समुदाय, जाति, घरेलु महिलाजगत् आदिआदिलाई । यी सबै चिजहरू पश्चिमी प्रबोधनसित सम्बद्ध सत्तासंरचनाबाट स्वायत्त 'स्पेस' (खाली ठाउँहरू) हुन् । किनभने 'मेटा-न्यारेटिव' को युग समाप्त भएको छ, त्यसैले वर्गसङ्घर्ष, क्रान्ति, सामाजिक परिवर्तन, जुनचाहिँ महाख्यान हो- को युग पनि बितिसकेको छ । यो उत्तरआधुनिक समय हो र उत्तरआधुनिक समयमा ल्योतार्डकै शब्दमा मेटा-न्यारेटिव्स् (महाख्यान) अविश्वसनीय हुन्छन् । (दि पोस्टमोर्डन कन्डिसन, कडिसन : ए रिपार्ट अन नलेज, १९७९)

त्यसैले उनीहरूका भनाइमा अबको समय सानासाना, विखण्डित परिधिगत सङ्घर्षको समय हो । यो जातिको सङ्घर्षको, महिलाहरूको सङ्घर्षको, आदिवासीहरूको सङ्घर्षको, पर्यावरण बचाउने सङ्घर्षको, देशी समुदाय आदिइत्यादिको सङ्घर्षको समय हो । विद्यमान व्यवस्थाअन्तर्गत रहेर नै यी सबै किनारीकृत पहिचानका लागि स्वायत स्थान बनाउनु आवश्यक हुन्छ ।

केही वर्ष पहिले उत्तरमार्क्सवादी चिन्तक अर्नेस्टो लाक्लाउ र च्यान्टल मोफले आफ्नो पुस्तक हेगेमोनी एन्ड सोसलिस्ट स्ट्राटेजी : टुवार्डस् ए ऱ्याडिकल डेमोक्रेटिक पोलिटिक्समा यस उत्तरआधुनिकतावादी दर्शनलाई नयाँ उचाइमा पुऱ्याएका छन् । लाक्लाउ र मोफका अनुसार हरेकप्रकारको दमन आत्मगत हुन्छ । यसको वस्तुगत यथार्थसित, दमनको खास अमानवीयतासित केही पनि लिनुदिनु हुँदैन । यसो गर्नु भनेको वस्तुतः शोषणकारी र दमनकारी व्यवस्थाको विरुद्ध कुनै प्रकारको व्यापक संयुक्त आन्दोलनको सम्भावनालाई नै अस्वीकार गर्नु हो । अर्को अर्थमा भन्दा यहाँ पनि सत्ता संरचनाको अप्रतिरोधताको नै रेखाङ्कित गरिएको छ ।

*भारतमा उत्तरआधुनिक एजेन्डा र सबाल्टर्न स्टडिज*

भारतको बौद्धिक दुनियाँमा उत्तरआधुनिक एजेन्डालाई सबैभन्दा प्रभावी ढङ्गले लागू गर्ने काम सबाल्टर्न स्टडिजसित सम्बद्ध इतिहासकारहरूले गरेका छन् । आरम्भमा मोटामोटी रूपमा मार्क्सवादी पदावली र मार्क्सवादी विश्लेषणको सीमामा रहे पनि पछि सबाल्टर्न स्टडिजमा भाषागत मोड (लिङ्गविस्टिक टर्न) आयो, जुन एडवार्ड सइद र मिसेल फुकोको प्रभाव थियो । सबाल्टर्न स्टडिजमा पनि खासगरेर पार्थ चटर्जी, दीपेश चक्रवर्ती, ज्ञानेन्द्र पाण्डेय र ज्ञानप्रकाशले यस एजेन्डालाई गजबका साथ लागू गरे । सबाल्टर्न स्टडिज शृङ्खलाका पुस्तकहरूका आरम्भताकाका लेखहरूमा रन्जित गुहाले यो समग्र उपक्रमहरूको उद्देश्य इतिहास लेखनमा अविजात्य पूर्वाग्रहलाई सच्याउनु हो भनेका छन् । जबकि उत्तरवर्ती सबाल्टर्न स्टडिज ' व्युत्पन्न विमर्श' (डेरिकेटिव डिस्कोर्स), देशी समुदाय र 'विखण्डन' का बीच डोलायमान भइरह्यो । र यी तीनओटै उत्तरआधुनिक विमर्शका उपक्रमहरू हुन् । पार्थ चटर्जी आफ्नो पुस्तक नेस्नलिस्ट थट इन ए कोलोनियल वर्ल्डः ए डेरिकेटिभ डिस्कोर्समा भन्छन् – "भारतको बौद्धिक वर्ग औपनिवेशिक सत्ताज्ञान (कोलोनियल पावर- नलेज) को वर्चस्वमा आइरहेको थियो, फलस्वरूप यो व्युत्पन्न विमर्श गर्नमा मात्र सक्षम थियो । यसरी राष्ट्रवादी आन्दोलनमा मध्यम वर्गीय बौद्धिकजगत् पूर्ण रूपमा आधुनिक चिन्तनको मुट्ठीमा आइसकेको थियो । त्यसको कुनै अभीकरण (एजेन्सी) थिएन । सत्ताका संरचनाहरू प्रवेश गरेर प्रदूषित पारेको यो बौद्धिक जगत्भन्दा उता अर्को सामुदायिक चेतनाको दुनिया छ, जुन शुद्ध छ, आदिम छ, पवित्र छ ।" पार्थ चटर्जी भारतको सन्दर्भमा यो स्थानलाई 'किसान चेतना' सित जोडेर हेर्छन्, जुन पश्चिमी प्रभुत्ववादी प्रभावबाट मुक्त छ । यसको प्रतीक पुरुष गान्धीलाई मानिएको छ ।

यो एउटा छक्कलाग्दो सादृश्य-निरूपण हो । गान्धी एकजना आधुनिक चिन्तक थिए । उनको मानवतावाद धार्मिक, आध्यात्मिक आवरण, भाषा आदिको पुटका अतिरिक्त पनि सारतः एक बुर्जुवा मानवतावादी थियो । उपनिवेशवादले कसरी देशीय संरचनालाई समायोजित गऱ्यो र औपनिवेशिक शोषणमा तिनको प्रयोग गऱ्यो भन्ने कुरामा पार्थ चटर्ची ध्यान दिन आवश्यक ठान्दैनन् । र यी देशी संरचनाहरू आफ्नो 'प्राच्य भद्रतापन' (जस्तो कि आशीष नन्दीले भनेका छन्) कारण आफ्नो निहित स्वार्थअनुरूप प्रयोग गरिए ।


एडवार्ड सइद र गायत्री चक्रवर्ती स्पिवाक सबाल्र्टन स्टडिजको प्रोजेक्टसित जोडिएपछि विखण्डन र समुदायतर्फको जोड बढ्दैगयो । अनि आधुनिक उत्तरऔपनिवेशिक राज्यसत्तालाई पनि पश्चिमी सांस्कृतिक प्रभुत्वको प्रबोधनको परियोजनाको अङ्ग भनियो । यो राज्यसत्ता राष्ट्रवादमार्फत आएको थियो, जुनचाहिँ उनीहरूका दृष्टिमा औपनिवेशिक विमर्शको व्युत्पन्न विमर्शबाहेक केही थिएन । यसरी समुदाय र विभेदलाई समाजिक-आर्थिक परिप्रेक्ष्य र सन्दर्भबाट अलग गरेर महिमामण्डित गरियो ।

१९९३ मा पार्थ चटर्जीको पुस्तक दि नेसन एण्ड इट्स फ्र्यागमेन्ट्स : कोलोनियल एन्ड पोस्टकोलोनियल स्टडिजको प्रकाशनसँगै सबाल्टर्न स्टडिजले आफ्नो तार्किक निर्वाण प्राप्त गऱ्यो । चटर्जी राष्ट्रिय विभेदका रूपमा दलित, स्त्रीहरू आदिको अगलअगल चर्चा गर्छन् । उनका अनुसार उनीहरूको कुनै सार्वभौम एजेन्डा हुनसक्दैन, यी सबै विभेद एक्लाएक्लै छन्, जसलाई कहिल्यै पनि एकअर्कासित जोड्न सकिँदैन । चटर्जीका अनुसार राष्ट्रवादी कालमा स्त्रीहरूको स्वायत्तताको अभिव्यक्ति मात्र पाउन सकिन्छ, त्यो पनि बढीभन्दा बढी आत्मकथाहरूमा । चटर्जी ती सबै गतिविधि तथा राजनीतिक संस्थाहरूका सम्बन्धमा मौन छन्, जसमा सन् १९२० को दशकमा महिलाहरूले सशक्त रूपमा भाग लिएका थिए । फुले परियार अथवा अम्डेकरसित जोडिएका जातिगत आन्दोलनको सम्बन्धमा पनि यो पुस्तक मौन छ । यो पुस्तकमा चटर्ची एउटा नयाँ युग्म प्रस्तुत गर्दछन्- भौतिक/आत्मिक । 'भौतिक' त्यो हो, जुन बाह्य अघरेलु र पौरुषीय छ र ' आत्मिक' त्यो हो, जुन आन्तरिक घरेलु र स्त्रैण छ । आत्मिक रूपमा औपनिवेशिक व्यक्ति (सब्जेक्ट) आफ्नो स्वायत्तता कायम गर्दथ्यो भने भौतिक विश्वमा चाहिँ अङ्ग्रेजहरूद्वारा समायोजित गरिने गर्दथ्यो । कानुनको सामु सामानताको कुरा आउँदा यसलाई चटर्जी पश्चिमी प्रभुत्ववादी परियोजनामा समाहित गरिनु मान्दछन् । उनका भनाइमा साम्राज्यवादको हरेक विरोध, जुन आधुनिक तरिकाबाट गरियो, धर्मनिरपेक्ष (सेक्युलर) तरिकाबाट गरियो, आर्थिक आलोचनाका साथ गरियो, त्यो यथार्थमा साम्राज्यवादको प्रभुत्ववादी प्रबोधनको प्रोजेक्टका सामु आत्मसर्मण गर्नु थियो । अर्थात् जुनसुकै लडाइँ पनि जुन राष्ट्रवादी कोणबाट लडियो, ती सबै साम्राज्यवादद्वारा सहयोजन (को-अप्सन) गरिएका थिए ।

आधुनिकताको यस विरोधमा दीपेश चक्रवर्तीले पार्थ चटर्जीलाई पनि माथ गरेमा छन् । 'दि डिफरेस डेफरल *बाँकी ५ पेजमा*

# क्रान्तिकारी पत्रकार महासंघद्वारा सचिव महतरालाई धम्क्याउनेलाई कारबाही गर्न माग




काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघले संगठनका सचिव रनसुर महतरा रमेशलाई समाचार लेखेकै कारण धम्क्याउने, गाली गलौज गर्ने तथा चरित्र हत्या गर्ने बाजुरा जिल्ला स्वामिकार्तिक खापर गाउँपालिकाका अध्यक्ष र उनी निकट रहेका रोशन शाहीलाई कारबाही गर्न माग गरेको छ । संगठनका महासचिव रामकुमार श्रेष्ठले जारी गरेको वक्तव्यमा समाचार लेखेकै कारण चित्त नबुझ्ने उजुरी गर्ने निकायहरू हुँदा हुँदै धम्क्याउने, गाली गालौज गरेर मानसिक आक्रमण गर्नेहरूमाथि तत्काल छानविन गरी कारबाही गर्न माग गरिएको छ ।

वक्तव्यमा भनिएको छ, 'बाजुरा जिल्ला स्वामीकार्तिक खापर गाउँपालिकाले राहत वितरणमा पनि राजनीति गर्दै, वास्तविक पीडितले राहत पाएनन्' शीर्षकको समाचारको विषयलाई लिएर हाम्रो संगठन क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय सचिव, नेपाल पत्रकार महासंघका ललितपुर शाखाका सहसचिव तथा हाम्रो अनलाइन र छापामार साप्ताहिकका सञ्चालक तथा प्रधानसम्पादक समेत रहेका रनसुर महतरा'रमेश'लाई स्वामिकार्तिक खापर गाउँपालिकाका अध्यक्ष चिरञ्जीवी शाहीले आफ्ना नजिकका केही व्यक्ति(रोशन शाहीलगायत)हरूलाई लगाएर फोनमार्फत् धम्क्याउने र सामाजिक सञ्जालमा जथाभावी लेखी चरित्र हत्या गर्न खोजिएको घटनाप्रति हाम्रो संगठनको गम्भीर रूपमा ध्यानाकर्षण भएको छ ।'

वक्तव्यमा भिनएको छ, 'समाचारमा चित्त नबुझे सोही मिडियामा खण्डन छपाउने, त्यो सम्भव नभए प्रेस काउन्सील लगायत उजुरी गर्ने निकायहरू तथा माध्यमहरू हुँदा हुँदै मध्येरातमा फोन गरेर तथानाम गालीगलौज गर्ने, धम्क्याउने र चरित्र हत्या गर्ने कार्यको हाम्रो संगठन घोर भर्त्सना र कडा शब्दमा निन्दा गर्दछ । साथै, उक्त घटनाको सत्यतथ्य छानबिन गरी घटनामा संलग्न व्यक्तिहरूलाई कानुनी दायरामा ल्याई कडा कारबाही गर्न हाम्रो संगठन जोडदार रूपमा माग गर्दछ ।'

पछिल्ला दिनमा सार्वजनिक पदमा बसेकाहरूले पदीय दुरूपयोग गरेका समाचार लेखेकै कारण पत्रकारहरूमाथि भौतिक र मानसिक आक्रमणहरू भइरहेको उल्लेख गर्दै वक्तव्यमा भनिएको छ, 'समाचार लेखेकै कारण असुरक्षित हुनुपर्ने स्थितिको अन्त्य गरी पत्रकारहरूको पेशागत तथा भौतिक सुरक्षाका लागि विशेष ध्यान दिन हाम्रो संगठन राज्यसँग जोडदार रूपमा आग्रह गर्दछ । साथै, बढ्दो प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संकुचन गर्ने घटनाहरूको विषयमा एकताबद्ध भएर आवाज उठाउन पनि हाम्रो संगठन सबै सरोकारवाला संघ संगठनहरूमा विशेष आग्रह गर्दछ ।'

# शनिबार बिहानसम्म नेपालमा कोरोना संक्रमितको संख्या १०९ पुग्यो



काठमाडौं । शनिबार बिहानसम्मको प्राप्त जानकारी अनुसार नेपालमा कोरोना भाइरस (कोभिड-१९) संक्रमितको संख्या १०९ पुगेको छ । शनिबार राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, काठमाडौं र कोशी अस्पतालमा गरिएको परीक्षणमा थप ७ जनामा कोरोना संक्रमण पुष्टि भएसँगै संक्रमितको संख्या १०९ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जानकारी दिएको छ ।

स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डाक्टर समिरकुमार अधिकारीका अनुसारउदयपुरको त्रियुगा नगरपालिका ३ भुल्केमा थप तीन जना महिलामा कोरोना भाइरसको संक्रमण देखिएको छ । भुल्केका १८, ४५ र ६० बर्षीया महिलामा संक्रमण फेला परेको हो ।

भुल्केमा पछिल्लो पटक थ्रोट स्वाब संकलन गरिएका ३ सय ३४ जनामध्य विराटनगरस्थित कोशी अस्पतालको पीसीआर ल्याबमा गरिएको परीक्षणमा तीन जनामा संक्रमण देखिएको अस्पतालकी मेडिकल सुपरिटेन्डेन्ट डा. संगिता मिश्रले बताइन । अन्यको स्वाब परीक्षण जारी रहेको छ ।

त्यस्तै राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा टेकु काठमाडौंमा गरिएको परीक्षणमा कपिलवस्तुका एक जना १७ वर्षीय र दुई जना १८ वर्षीय युवकमा कोरोना संक्रमण देखिएको छ । त्यस्तै पर्साको छपकैयाका ६२ वर्षीय पुरुषमा पनि कोरोना संक्रमण देखिएको छ । सबैको स्वास्थ्य अवस्था सामान्य रहेको पनि मन्त्रालयले जानकारी दिएको छ ।

संक्रमण पुष्टि भएकामध्ये निको हुनेको संख्या ३० जना पुगेको छ । तर नारायणी अस्पताल वीरगन्जबाट कोभिड-१९ निको भएर गएका दुई जनामा पीसीआर परीक्षणमा पोजिटिभ देखिएपछि उनीहरूलाई थप परीक्षणका लागि अस्पतालमा पुनः भर्ना गरिएको छ । त्यसैगरी काठमाडौको सनसिटी अपार्टमेन्टमा बस्ने ५२ वर्षीय ती व्यक्तिको पनि पीसीआर रिपोर्ट पोजेटिभ देखिएको छ ।

## सीमा...

छ । लिम्पियाधुरा, लिपुलेक, कालापानी क्षेत्र भारतले आफ्नो नक्सामा गाभेपछि नेपालमा त्यसको ठूलो विरोध हुँदै आएको थियो र अहिले पनि भइरहेको छ । जनस्तरमा विरोध भएपनि डबल नेकपाको नेतृत्वमा रहेको केपी शर्मा ओली नेतृत्वको सरकारले अतिक्रमित भूमि फिर्ता गराउन कुनै ठोस पहल गरेको छैन । सामान्य कुटनीतिक नोट पठाउने भन्दा बाहेक उसले कुनै कुटनीतिक तथा राजनीतिक पहल गरेको छैन ।

***क्रान्तिकारी माओवादी तथा देजमो, नेपालको देशव्यापी विरोध***

राष्ट्रिय स्वाधीनताको मुद्दालाई पार्टीको मूल मुद्दाको रूपमा उठाउँदै आएको नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) तथा उक्त पार्टी सम्बद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले नेपाली भूमि अतिक्रमण गरेर भारतले सडक निर्माण गरेको घटना सार्वजनिक भएलगत्तै वक्तव्य निकालेर भारतीय हस्तक्षेप तथा विस्तारवादी अतिक्रमणको तीव्र विरोध एवम् भर्त्सना गरेको छ । क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण'ले शनिबार विहान जारी गरेको वक्तव्यमा भनिएको छ, "यो नेपालको राष्ट्रिय स्वधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताका विरुद्धको ठाडो हस्तक्षेप हो । हामी भारतीय विस्तारवादद्वारा गरिएको यो अतिक्रमणको कडा विरोध तथा भर्त्सना गर्दछौं । र, नेपालको भुमीबाट एकलौटी रूपमा सडकको ट्र्याक खोलेर उद्घाटन गर्दा समेत त्यसको अनदेखा गर्ने नेपाल सरकारको लाचारीप्रति खेद व्यक्त गर्दै सो काम रोक्नका लागि तुरुन्त भारतीय सरकारसँग कुटनीतिक पहल गर्न नेपाल सरकार समक्ष हामी जोडदार माग गर्दछौं । साथै, नेपालको भौगोलिक अखण्डतामाथि गरिएको भारतीय हस्तक्षेप र नेपाल सरकारको राष्ट्रिय आत्मसमर्पणवादी रवैयाका विरुद्ध सशक्त आवाज उठाउन हामी सम्पुर्ण देशभक्त तथा आम जनसमुदायमा विशेष आह्वान समेत गर्दछौं ।"

त्यसैगरी देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले शनिबारै जारी गरेको वक्तव्यमा भनिएको छ, "नेपालको सीमाभित्र भारतीय सेनाले सडक बनाउँदै छ भन्ने जानकारीसहित हामीले उक्त काम रोक्न नेपाल सरकारले भारतसँग कुटनीतिक पहल गरोस् भनेर पटक पटक ध्यानाकर्षण गर्नुका साथै सडकबाट पनि माग गर्दै आएका थियौं । कोभिड १९ को महामारीले विश्वव्यापी रूपमा संकट खडा गरेको मौका छोपी लिम्पियाधुरा हुँदै मान सरोवरसम्म जाने सडकको भारतीय रक्षा मन्त्रीले हिजो उद्घाटन गरेको घटना सन् १८१६ मा नेपाल र भारतका वीचमा भएको सुगौली सन्धिको उल्लंघन र नेपाली भूभाग माथिको अतिक्रमण हो । अविलम्ब कुटनीतिक पहल गरी अतिक्रमित नेपाली भूभागलाई मुक्त गर्न नेपाल सरकारसँग हामी जोडदार माग गर्दछौं । यतिखेर सम्पूर्ण राष्ट्र कोभिड १९ को महामारीसँग जुधिरहेको र लकडाउनमा रहेको मौका छोपेर भारत सरकारले गरेको यो अतिक्रमणका बिरुद्ध एकतावद्ध भएर संघर्ष गर्नका लागि तयार रहन पनि हामी सम्पूर्ण देशभक्त नेपाली दिदी बहिनी, दाजु भाइसँग हार्दिक अपिल गर्दछौं ।"

यसअघि पनि क्रान्तिकारी माओवादी तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले देशव्यापी रूपमा लिम्पियाधुरा, लिपुलेक, कालापानी लगायतका अतिक्रमित भूमि फिर्ताको माग गर्दै देशव्यापी रूपमा अभियान नै सञ्चालन गरेको थियो । अभियान जारी रहेकै बेला विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको महामारीका कारण स्थिगित गरिएको थियो । क्रान्तिकारी माओवादीले जेठमा "लिम्पियाधुरा जाऔं" भन्ने अभियान समेत सञ्चालन गर्ने तयारी गरेको थियो । लिम्पियाधुरासहितको चुच्चे नक्सा समेत छपाएर सबै सरकारी निकायमा झुण्ड्याउन आग्रह गर्दै क्रान्तिकारी माओवादी तथा देजमोले सरकारलाई समेत ज्ञापन पत्र बुझाउँदै अविलम्ब लिम्पियाधुरासहित भारतले अतिक्रमण गरेको सबै भूमिसहितको नेपालको वास्तविक नक्सा जारी गर्न दबाबसमेत दिंदै आएको थियो ।

पछिल्लो हस्तक्षेपका विरुद्ध क्रान्तिकारी माओवादीले जारी लकडाउनका बीच देशव्यापी विरोध प्रदर्शन गर्ने तयारी गरिरहेको छ भने प्रदेश स्तरमा समेत वक्तव्य निकालेर भारतीय हस्तक्षेपको तीव्र विरोध एवम् भर्त्सना गरिएको छ ।

***क्रान्तिकारी माओवादीकै पहलमा दश दलीय मोर्चा आन्दोलित***

मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)कै पहलमा पछिल्लो भारतीय हस्तक्षेप तथा अतिक्रमणका विरुद्ध दशदलीय मोर्चाको वक्तव्य समेत शनिबारै सार्वजनिक भएको छ ।

वक्तव्यमा भनिएको छ, "भारत सरकारले सडक निर्माण गर्ने क्रममा नेपालको सार्वभौमिक अखण्डताभित्र दार्चुला जिल्लामा पर्ने गुञ्जीदेखि कालापानी हुँदै नाभिढाङ्गसम्मको झण्डै २२ कि.मी. भूभागमा समेत सडक निर्माण गरि त्यो सडकलाई लिपुलेकसम्म पुऱ्याइ चीनको मानसरोवरसंग सम्बन्ध जोड्ने कार्यको कडा शब्दमा बिरोध तथा भर्त्सना गर्दछौ । यो नेपालको सार्वभौमिकता माथि भारतले गरेको गम्भीर प्रकारको हस्तक्षेप नै हो ।"

वक्तव्यमा भारतको त्यस प्रकारको कदमका विरुद्ध व्यापक रूपले आवाज उठाउनका लागि हामीले सम्पूर्ण देशभक्त नेपाली जनतासित अपील समेत गरिएको छ ।

***प्रतिबन्धित नेकपादेखि सत्तारुढ डबल नेकपासम्मको विरोध***

जनस्तरमा तीव्र विरोध भएपछि सत्तारुढ डबल नेकपाले समेत वक्तव्य निकालेर नेपाली भूमिमा भारतले बनाएको सडक निर्माणको विरोध गरेको छ । सरकारको परराष्ट्र मन्त्रालयले बेनामे र मिति समेत नराखी वक्तव्य जारी गरेको छ भने डबल नेकपाका दुई अध्यक्षको संयुक्त हस्ताक्षरमा वक्तव्य जारी गरेका छन् । डबल नेकपाको यो वक्तव्यलाई आफ्नो फेस सेभिङका लागि गरिएको नौटंकीको रूपमा धेरैले विश्लेषण गरेका छन् । डबल नेकपाले आफै धामी आफै झाँक्रीको भूमिका खेलिरहेको राजनीतिक वृतमा चर्चा चलिरहेको छ ।

उत्ता प्रतिबन्धित नेकपाका महासचिव नेत्रविक्रम चन्दले पनि शनिबारै वक्तव्य जारी गरी भारतीय विस्तारवादी हस्तक्षेपको तीव्र विरोध एवम् भर्त्सना गरेका छन् ।

यता नेपाली कांग्रेसले वक्तव्य सीमा सुरक्षाको विषय वक्तव्यको विषय मात्र नभएर कुटनीतिक पहलबाट हल गर्न सरकारसित आग्रह गरेको छ ।

***युवा विध्यार्थीहरूले सडकमै उत्रिएर गरे विरोध प्रदर्शन, दमन र धरपकडमा ओली सरकार***

महामारी र लकडाउनको बेवास्ता गर्दै नेकपा (क्रान्तिकारी माओवादी) समर्थित लगायत युवा विद्यार्थीहरूले सडकमै उत्रिएर भारतीय हस्तक्षेपको विरोध प्रदर्शन गरिरहेका छन् । शनिबार माइतीघर मण्डलामा विरोध प्रदर्शन गर्दा प्रहरीले दमन र धरपकड गरी गिरफ्तार गरेका ३३ जना युवा विद्यार्थीहरूले हिरासतबाट छुटे लगत्तै आइतबार संसद भवन अगाडि विरोध प्रदर्शन गरे । लिपुलेकमा भारतले गरेको सडक विस्तारको विरोध गर्दै बानेश्वर पुगेको उक्त टोलीलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा संघर्ष दाहाल लगायतका विद्यार्थी नेताहरू रहेका छन् ।

सेभ बोर्डरको नारा लगाउँदै संसद भवन नयाँ बानेश्वरको पानी ट्याङ्की तर्फबाट सीमा मिच्न पाइँदैन भन्दै संसद भवनतर्फ अघिबढेको टोलीलाई प्रहरीले पक्राउ गरेको हो ।

शनिबार भारतीय दूतावास अघि विरोध प्रदर्शन गर्न पुगेका विद्यार्थीहरू अर्को एक टोलीलाई पनि प्रहरीले पक्राउ गरेको थियो ।

सीमा बचाऔं अभियान लगायत तीनदर्जन बढी संघसंस्थाले गरे विरोध

भारतले लगातार गरेको हस्तक्षेप र अतिक्रमणका विरुद्ध आन्दोलित रहँदै आएको सीमा बचाऔं अभियानलगायत तीन दर्जभन्दा बढी संघसंस्थाले संयुक्त रूपमा वक्तव्य जारी गर्दै भारतले पछिल्लो पटक नेपाली भूमि मिचेर बनाएको सडकको घोर विरोध एवम् भर्त्सना गरेको छ । वक्तव्यमा भनिएको छ, "सँगेविश्व कोभिड (१९ )को सङ्क्रमणबाट ग्रस्त भएको र नेपाल भारत दुबै देशमा बन्दाबन्दी (लक डाउन) रहेको मौका छोपी भारतका रक्षामन्त्री राजनाथ सिंहले नेपालको पश्चिमोत्तर सीमाको नेपाली भूमि अतिक्रमण गर्दै तिब्बतमा रहेको कैलाश मानसरोवर यात्राका लागि ८० कि.मि. को पक्की धार्चुला - लिपुलेक लिङ्क रोड (नयाँ सडक) उद्घाटन गरेको खबर सम्प्रेषण गरेका छन् । यसरी सार्वजनिक भइसकेको विषयबारे पनि सरकारका सम्बन्धित निकाय र नयाँ दिल्ली स्थित नेपाली राजदूत बेखबर भएको समाचार छापामा पढ्दा हामी आश्चर्य चकित भएका छौं । साथै आफ्नो देशको भूभाग समेत अतिक्रमण गरेर नक्सा बनाई विश्वमाझ सार्वजनिक गर्दा समेत आफ्नो नक्सा सार्वजनिक गरी मिचिएको भूभाग दाबी गर्नु त कहाँ हो कहाँ त्यसका विरुद्ध आफ्नो भूभागको आधिकारिक नक्सा समेत प्रकाशन गर्न नसक्ने नेपाल सरकारले बर्सौं लगाएर आफ्नो भूमिमा विदेशीले ८० कि.मि. पक्की सडक निर्माण गरिसक्दा थाहा नपाउनु र उक्त सडक उद्धाटन गरिसक्दा पनि बुझ्दै छौं भन्ने जस्ता अन्तर्वार्ता दिने कार्य गर्नुले सरकारी संयन्त्र र सरकारको हैसियत आम जनतामाझ प्रस्ट भएको छ । सन् २०१५ मै भारतीय प्रधान मन्त्री नरेन्द्र मोदी र चिनियाँ प्रधान मन्त्री लि खस्याङले लिपुलेकलाई व्यापारिक मार्गका रूपमा विकास गर्ने भनी समझदारी पत्रमा हस्ताक्षर गरेका थिए । त्यति वेला नै नेपालले कडा रूपमा आपत्ति जनाई त्यसका विरुद्धमा विश्व जन समुदायमा आफ्नो प्रस्ट अडान राख्न सकेन । नेपाल जमीन कब्जा गरेर भारतीय पक्षद्वारा निर्माण गरिएको सडक त्यसैको परिणाम थियो । सन् १८१६ को सुगौली सन्धिअनुसार काली (महाकाली) नदी पूर्वको सम्पूर्ण भूभाग नेपालको हो । महाकालीको वास्तविक मुहान लिम्पियाधुरा भएकाले लिम्पियाधुरा-लिपुलेक- कालापानी सम्मको ३७२ वर्ग कि.मि. भूभाग नेपालको हो । हिजोमात्र भारतीय विदेश मन्त्रालयले त्यो भूमि आफ्नै हो भनेर निर्लज्जतापूर्वक आफ्नो दावी पुनः प्रस्तुत गरेको छ । नेपाली भूमिमाथि भारतद्वारा गरिएको यो नाङ्गो हस्तक्षेपको हामी घोर भत्सर्ना गर्दछौं, साथै नेपाल सरकारलाई आफ्नो भूमिको रक्षाका लागि तुरुन्त कदम चाल्न समेत आग्रह गर्दछौ ।"

वक्तव्य जारी गर्नेहरूमा प्रगतिशील लेखक सङ्घ, नेपाल, नेपाली लेखक सङ्घ, पारिजात स्मृति केन्द्र, मार्क्सीय गुरुकूल, इच्छुक साँस्कृतिक प्रतिष्ठान लगायत रहेका छन् ।

***सीमा अतिक्रमणका शृंखला***

नेपाल भारतबीच १८५० कि.मि.सीमा जोडिएको छ । त्यसमध्ये ६०६ कि.मि.सिमानामा विवाद रहेको छ । नेपालको २७ जिल्ला सीमा जोडिएको, २४ जिल्लाको ७१ स्थानमा सीमा विवाद रहेको छ । कुल ६०६२७ हे.जमिन अतिक्रमित भएको छ । त्यसमध्ये सबैभन्दा धैरै दार्चुलाको कालापानी क्षेत्रमा ३७००० हे.(३७२ वर्ग कि.मि.) र परासीको सुस्ता क्षेत्रमा १४६७० हे. (१४७ वर्ग कि.मि.) अतिक्रमित भएको छ ।

भारतले नेपालसँगको सीमा सुरक्षाको लागि भनी ४५ हजार सीमा सुरक्षा बल राखेको छ । ५५१ सीमा अवलोकन चौकी बनाएर राखेको छ । प्रति किलोमीटर २४ जना जवानका दरले राखेको छ ।

नेपालको सिमाना लिपुलेक र कालापानीसम्म ६२ बर्ग कि.मि. र लिम्पियाधुरासम्म ३१० बर्ग कि.मि. गरी जम्मा ३७२ बर्ग कि.मि. अतिक्रमित भएको छ ।

***लेण्डुपपथमा ओली सरकार***

नेपाली जनताले गएको चुनावमा केपी ओली नेतृत्वको पार्टीलाई 'राष्ट्रवादी' ठानेर दुई तिहाइ नजिकको मत दिएका थिए । देशभक्त तथा राष्ट्रवादी जनताको त्यो मतमाथि ओली नेतृत्वको सरकारले न्याय गर्न सकेन मात्र होइन एकपछि अर्को घात गर्दै गयो र विगतका शासकहरूले गरेका राष्ट्रघातका कीर्तिमानहरूलाई समेत माथ खुवाउने खालका कदमहरू बढाउँदै गयो ।

भारतीय अतिक्रमणका कारण आफ्नो थातथलो गुमाएका सुस्ताबासीहरूले करिब महिनादिनसम्म भेट माग्दा पनि भेट नदिनु, राष्ट्रघाती अरुण तेस्रोको संयुक्त उद्घाटन गर्नु, राष्ट्रघाती माथिल्लो कर्णाली जलविद्युत आयोजना पटक पटक म्याद थपेर जिएमआरलाई सुम्पनु, इलामको पशुपतिनगरदेखि लिम्पियाधुरा, लिपुलेक, कालापानीसम्मका भूभाग भारतले अतिक्रमण गर्दा पनि चुपचाप बस्नु, लिम्पियाधुरा, कालापानी, लिपुलेक गायब पारिएको नक्कली नक्सा सबै सरकारी निकायहरूमा झुण्ड्याइनु, बारम्बार नागरिक तथा सीमाविद्हरूलगायत राजनीतिक पार्टीहरूले नेपालको वास्तविक नक्सा जारी गर्न भन्दा पनि नक्सा जारी नगर्नु, सीमा अनुगमन तथा व्यवस्थापनका नाममा नयाँ सीमा स्तम्भ गाड्दा नेपाली भूमि योजनाबद्ध भारतीय भूमिमा पारिनु, दक्षिण सिमामा भारतले एकलौटी बाँध वा सडक निर्माणका समाचारहरू आइरहँदा सरकार प्रतिक्रियाविहीन बन्नु, जनताले तथ्य प्रमाणसहित आफ्नो भूमि भारततिर पारेको गुनासो गर्दा पनि सुनुवाइ नगर्नु आदि घटनाक्रमले ओली सरकार इतिहासिकै सबै भन्दा राष्ट्रघाती नालायक सरकारको रूपमा कलंकित बन्न पुगेको छ । ओली सरकारका यी सबै गतिविधिलाई लेण्डुपपथको रूपमा व्याख्या विश्लेषण गर्न थालिएको छ ।

सत्तामा टिकिरहनका लागि ओलीले विस्तारवादी र साम्राज्यवादी शक्तिहरूको इशारामा काम गरिरहेको घटनाक्रमले पुष्टि समेत गर्दै लगेको छ ।

त्यसमाथि अमेरिकी साम्राज्यवादी परियोजना एमसीसी (मिलेनियम च्यालेन्ज कर्पोरेसन) समेत संसदबाट पास गरेर नेपाललाई अमेरिकाको सैन्य अखडामा परिणत गराउने खालका राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकतामाथि गम्भिर आँच आउने कार्यमा ओली सरकार कम्मर कसेर लागेको राष्ट्रिय स्वाधीनताका पक्षधर नेताहरूले बताउँदै आएका छन् ।

एमसीसी सम्बन्धी स्वयम् डबल नेकपाको अध्ययन कार्यदलले विना संशोधन हुबहुँ एमसीसी पास गर्न नहुने ठहर समेत गरिएको अवस्थामा ओली सरकारले साम दाम दण्ड भेद गरी एमसीसी पास गर्न खोजेर साम्राज्यवादी र विस्तारवादी शक्तिहरूको नांगो दलाली गरिरहेको स्वमय् सत्तारुढ दलकै नेताहरूले विश्लेषण गर्दै आएका छन् ।

***अन्तर्राष्ट्रियकरणसँगै सशक्त प्रतिरोध आन्दोलनको खाँचो***

नेपालमाथि भारतीय हस्तक्षेपको मुद्दा अन्तर्राष्ट्रियकरण नगरी सुल्झने स्थिति नरहेको सम्बन्धित क्षेत्रका विशेषज्ञहरूले बताउँदै आएका छन् । लिम्पियाधुरा, कालापानी, लिपुलेक, सुस्ता लगायत अतिक्रमित भूमि र नेपाली भूमि मिचेर सडक निर्माण गरिएको विषयलाई अन्तर्राष्ट्रिय अदालतमा गएर मात्र हल गर्न सकिने तर्क बलियो बन्दै गएको छ । भारतीय हस्तक्षेपको देशव्यापी रूपमा विरोध भइरहँदा र सरकारले कुटनीतिक नोट समेत पठाएको पृष्ठभूमिमा भारतले एकलौटी रूपमा सोही भूमिमा सडक बनाइनुले भारतले नेपालमाथि बलमिच्याइँ गरिरहेको देखिन्छ । नेपालको सरकारले कुटनीतिक तबरबाट भारतसँग कुरा गर्न सक्ने ल्याकत समेत राख्न नसकेको अवस्थामा नेपाली भूमिको रक्ष ागर्न अन्तर ाष्ट्रिय अदालत जानुपर्ने राष्ट्रिय स्वाधीनताका पक्षधरहरूको मत रहेको छ ।

यसका साथै अतिक्रमित भूमि फिर्ता गराउनका निम्ति सिंगो देश एकताबद्ध भएर राष्ट्रिय स्वाधीनताको रक्षाका निम्ति विस्तारवादी हस्तक्षेप तथा अतिक्रमणका विरुद्ध प्रतिरोध आन्दोलनलाई सशक्त रूपमा अगाडि बढाउनु पर्ने खाँचो रहेको पनि क्रान्तिकारी माओवादी लगायतका राजनीतिक पार्टीहरूले मत जाहेर गर्दै आएका छन् ।

## प्रहरी...

गरिरहेका छन् । प्रहरी हस्तक्षेप र दमनका बाबजुद युवा विद्यार्थीहरूले प्रदर्शन गरेका थिए । शनिबार माइतीघर मण्डलामा प्रदर्शनको क्रममा संघर्ष दाहाल, हिक्मत महरा लगायत १३ जना विद्यार्थी नेताहरूलाई प्रहरीले पक्राउ गरेको थियो ।

आइतबार छुटे लगत्तै उनीहरूले संसद भवन अगाडि प्रहरी दमन र धरपकडका बाबजुर विरोध प्रदर्शन गरे । भारतिय अतिक्रम र नेपाल सरकारको लाचारीता बिरुद्ध एवम् संसदहरूको ध्यानाकर्षण गर्न सामाजिक दुरी कायम गर्दै संसद भवन अगाडि गरिएको शान्तिपूर्ण बिरोध प्रदर्शनमाथि प्रहरीले हस्तक्षेप गरेर संघर्ष दाहाल, हिक्मत महरा लगायत १० जना युवा विद्यार्थीहरूलाई प्रहरीले पक्राउ गरेको छ ।

भारतले नेपाली भूमि हुँदै तिब्बतको मानसरोवर जोड्ने सडक बनाएको विरोधमा आइतबार पनि ठाउँठाउँमा विरोध प्रदर्शन भइरहेको छ ।

# नेपाली भूमि अतिक्रमण गर्दै भारतले मानसरोवरको बाटो खोल्यो

## *नेकपा (क्रान्तिकारी माओवादी) भन्छ– भारतको यो कदर्म नेपालको राष्ट्रिय स्वधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताका विरुद्ध भारतका रक्षामन्त्री राजनाथ सिंहको ठाडो हस्तक्षेप हो*




काठमाडौं । भारतले नेपाली भूमि अतिक्रमण गर्दै तिब्बतमा रहेको कैलाश मानसरोवर यात्राका लागि नयाँ बाटो खोलेको छ । भारतीय रक्षामन्त्री राजनाथ सिंहले शुक्रबार भिडियो कन्फ्रेन्समार्फत धार्चुला(लिपुलेक लिङ्क रोड उद्घाटन गरेका हुन् । भारतको उत्तराखण्डस्थित धार्चुला क्षेत्रको पिथौरागढबाट नेपालको दार्चुलाको गुन्जी क्षेत्रबाट लिपुलेक पुग्ने सडक मार्ग भारतले खोलेको हो ।

भारतीय रक्षा मन्त्रालयले विज्ञप्ति जारी गर्दै भनेको छ, ' उत्तराखण्डको बोर्डर रोड अर्गनाइजेसन (बीआरओ)ले कैलाश मानसरोवर रुटलाई चीनको बोर्डरसम्म जोडेको छ । कोभिड-१९को महामारी सामना गर्दै बीआरओले १७ हजार ६० फिट उचाइमा रहेको कैलाश मानसरोवरमा बाटो विस्तार गरेको हो ।'

*'सुगौली सन्धि विपरीत'*

यो सडक मार्गले नेपाली भूमिलाई हस्तक्षेप गरेको सीमाविद्हरू बताउँछन । भूगोलविद् प्रा.डा. नरेन्द्रराज खनाल त्यो बाटो नेपाली भूमि हुँदै गाएको बताउँछन ।

सन १८१६ को सुगौली सन्धिअनुसार काली (महाकाली) नदी पूर्वका सम्पूर्ण भूभाग नेपालको हो । प्रा.डा. खनाल लिम्पियाधुरा मुहान भएको नदी नै सीमा नदी भएकाले गुञ्जी, गर्ब्याङ, कुटियाङ्दीलगायतका सम्पूर्ण भूभाग नेपालको हो ।

सर्वे अफ इन्डियाले नेपाली भूभागसमेत भारततर्फ पर्नेगरी नोभेम्बर २०१९ यता दुईवटा राजनीतिक नक्सा प्रकाशन गरेपछि नेपालमा त्यसको चर्को विरोध भएको थियो ।

त्यसअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सी चिनफिङले लिपुलेकलाई व्यापारिक मार्गको रूपमा विकास गर्ने भनी समझदारीपत्रमा हस्ताक्षर गरेका थिए । त्यतिबेला उनीहरूले नेपाललाई कुनै जानकारी दिएको थिएन ।

कालापानी क्षेत्र र नवलपरासीको सुस्तामा सीमा विवाद रहेको कुरा दुवै देशले स्वीकारेको छ । तर, आफैंले विवाद छ भनेर स्वीकारेको क्षेत्रमा एकलौटी रूपमा बाटो खोल्नु गलत भएको जनकारहरू बताउँछन् ।

*नेपाल सरकारको दृष्टिकोण के हो ?*

सर्वे अफ इन्डियाले निकालेको नक्साको जनस्तरमा व्यापक विरोध भएपछि नेपाल सरकारले कूटनीतिक नोट पठाएको थियो । तर, भारतले अहिलेसम्म समस्या समाधान हुने गरी तत्परता देखाएको छैन ।

भारत चुप लागेर बसे पनि नेपालले आफ्नो दृष्टिकोण स्पष्ट पार्नुपर्ने जानकारहरू बताउँछन् । पूर्वसचिव द्वारिकानाथ ढुंगेलका अनुसार यो महाकाली नदीको मुहानसँग जोडिएको मुद्दा हो । भारत आफैंले कालापानी र सुस्तामा विवाद छ भनेको बेला त्यसरी सडक खोल्नु सहमति विपरीत भएको ढुंगेल बताउँछन् ।

'कोभिड-१९ को मारमा परेका बेला भारतले सडक उद्घाटन गरेको खबर आयो' सीमा बचाउ अभियानमा समेत सक्रिय पूर्वसचिव ढुंगेल भन्छन् 'एउटा नागरिकको नाताले मेरो प्रश्न छ यो विषयमा नेपाल सरकारको दृष्टिकोण के हो ? दिल्लीस्थित नेपाली दूतावासले के खबर गर्यो ?'

यसै विषयलाई लिएर नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले एक वक्तव्यमार्फत भारतको यो कदमलाई नेपालको राष्ट्रिय स्वधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताका विरुद्ध भारतका रक्षामन्त्री राजनाथ सिंहको ठाडो हस्तक्षेप भनेका छन् ।

# जाति, वर्ग र अस्मितावादी राजनीति

अफ ए कोलोनियल मोडर्निटीः पब्लिक डिबेट्स अन डोमेस्टिसिटी इन ब्रिटिस बङ्गाल' शीर्षकको आफ्नो लेखमा चक्रवर्तीले परम्परागत र गृहस्थी महिलाको घरेलुपनको महिमामण्डनमा 'सुन्दरता' को अ-अपचयनवादी (इर्रिडिस्युबल) उपक्रमहरूको खोजबिन गरेका छन् । चक्रवर्ती यसलाई स्वायत्त गैरबुर्जुवा र गैरधर्मनिरपेक्ष वैयक्तिकताको आदर्शका रूपमा देख्छन् । यहाँ कसैलाई पनि 'किन' को प्रश्न सोध्ने आवश्यकता छैन । पितृसत्तात्मक भयो त के भयो, यी सबै विभाजन प्राक्आधुनिक त छँदैछन् । चक्रवर्तीको भनाइ के छ भने प्राच्य घरेलुपनको भूगोलमा नै स्त्रीको शक्ति निहित छ । अर्थात् स्त्रीहरूका सम्बन्धमा हिन्दू धर्म र सभ्यता जुन कार्यका लागि उपयुक्त मान्दछ, त्यसैमा स्त्रीहरूले आफ्नो शक्तिको स्रोत खोजेर सन्तोष गर्नुपर्दछ । यो महिलाहरूको प्रतिरोधीयताका सम्बन्धमा भद्धा किसिमको वकालत नभएर अरू के हुनसक्छ ?

समुदायको स्वायत्तताको कुरालाई सबाल्टर्न इतिहासकारहरू आधुनिक राज्यद्वारा सामुदायिक मामलाहरूमा हस्तक्षेपको अन्त्यको अन्तिम बिन्दुका रूपमा लिन्छन् । यस भनाइमा कसैलाई ग्राम पञ्चायतका नाममा बर्वर तालिवानहरूद्वारा जारी फरमानको बेरोकटोक लागू गरिने गरिएका परिणामहरूको प्रतिध्वनि सुनिँदैन र ? यसमा छक्क पर्नुपर्ने कुनै कुरा छैन । यो सारा विमर्श कहिले सामूहिक फासिवाद त कहिले नवउदारवादी पुँजीवादको पक्षमा उभिएको देखिनआउँछ । प्राच्य भद्रतापनको सीमामा ती सबै चिज अटाउँछन्, जुन भारतीय समाजमा राज्यको हस्तक्षेपबिना हुन्छ । उदाहरणका लागि सतीप्रथा, ग्राम पञ्चायतद्वारा गरिने संस्कृतिको रक्षाका नाममा महिलामाथि हुने दमन आदिलाई लिन सकिन्छ । यसमा आधुनिक राज्यको कुनै हस्तक्षेप छैन, प्रायः गरेर जनताको एउटा हिस्सा यस किसिमको कारबाही आफ्नो प्रशंसित प्राक्आधुनिक र प्राच्य चेतनाको स्तरमा गर्दछ । परन्तु माथि उल्लेखित सबाल्टर्न इतिहासकारहरूका लागि यो सबै उचित छ, वाञ्छनीय छ, किनभने यो सबै खण्डमा विभक्त अथवा सङ्गठित प्राच्य भद्रतापनका बहादुरीहरू हुन् ।

***अस्मितावादी राजनीतिका दुई रूप र जातिगत र पहिचानवादी राजनीतिको प्रतिच्छेदन***

पहिचानको राजनीतिले यसै उत्तरआधुनिकतावादी विचार शृङ्खलाबाट आफ्नो विचारधारात्मक ऊर्जा प्राप्त गर्छ । उत्तरआधुनिकतावाद जुन विखण्डनको कुरा गर्छ, अस्मितावादी राजनीति त्यसलाई पहिचानको धरातलमा लागू गर्छ । साराका सारा एनजिओ क्षेत्र पनि यसै बुझाइसित आएर जोडिन्छन् । जनताको अलगअलग हिस्सालाई खण्डित पहिचानमा विभाजित गरेर एनजिओ क्षेत्र सुधारवादमार्फत जनताको सङ्घर्षलाई दिग्भ्रमित र विभ्रमित पारेर खतरनाक परिणाममा पुर्याउँछ । यो वास्तवमा विभाजनको उत्सव मनाउँदै जनताको वर्गचेतनालाई भुत्ते बनाउने षड्यन्त्र नै हो । पुँजीवादी व्यवस्थाभित्र एनजिओ सेक्टरले 'सेफ्टी भल्व' को संयन्त्रको रूपमा काम गर्छ र जहाँकहीँका जनताको आक्रोस र असन्तोषलाई नियन्त्रण गर्ने काम गर्छ । यसको षड्यन्त्रको गम्भीरतालाई हामीले बुझ्नु आवश्यक छ ।

एउटा अर्को परिप्रेक्ष्यमा पनि अस्मितावादी राजनीतिको प्रभाव देख्न सकिन्छ । यताका केही वर्षमा दबिएको फासिवादी बहुसङ्ख्यावादी हिन्दूवादी राजनीतिको उठान वास्तवमा पहिचानको राजनीतिकै एउटा अभिव्यक्ति हो । यस किसिमको कुनै पनि दक्षिणपन्थी कट्टरपन्थी राजनीतिक पहिचान एउटा स्थिर आदर्शमा आधारित हुन्छ र कल्पित अतीतमार्फत मिथकलाई यथार्थ र आमबोधको विषय बनाएर यस किसिमको पहिचानलाई वैधानिकीकरण प्रदान गर्छ । पहिचानवादी राजनीतिमा यस किसिमका सबै दक्षिणपन्थी विनियोजन अन्तर्निहित छन् । आजको समयमा सिमान्तकृत पहिचान मात्र होइन, त्योभन्दा पनि बढी 'मेन स्ट्रिम' पहिचानको प्रयोग अस्मितावादी राजनीतिको अस्त्रका रूपमा आफ्नो निहित स्वार्थका लागि गर्नेगरिएको छ । यो पनि एउटा खतरनाक परियोजना हो ।

पहिचानवादी राजनीतिका यी दुवै रूप आफूलाई एकअर्काको विरोधी तथा विकल्पका रूपमा प्रस्तुत गर्दछन् । वास्तवमा यी दुई अलगअलग विरोधी शक्ति नै होइनन् । उनीहरू आफूलाई यस रूपमा मात्र प्रस्तुत गर्दछन् । अर्थात् एनजिओ राजनीति र दक्षिणपन्थी धार्मिक कट्टरपन्थी र साम्प्रदायिक फासिवादी राजनीति एउटै सिक्कामा दुई पाटा हुन् । उनीहरू आफूलाई एकअर्कामा विरोधीका रूपमा प्रस्तुत गर्छन्, परन्तु उनीहरूको दर्शन र विचारधाराबीच एउटा आधार भूत एकता छ भन्न सक्छौं । यिनीहरू एउटा छद्म विकल्पको युग्म प्रस्तुत गर्छन् । यसैलाई गाइल्स डिल्युजले 'डिस्जङ्टिव सिन्थेसिस' को नाम दिएका थिए– विपरीतहरूको एउटा यस्तो समुच्चय, जुन विपरीतहरूको स्तरमा प्रस्तुत गरिएको हुन्छ, तर सही अर्थमा त्यो विपरीत नै हुँदैन ।

पहिचानवादी राजनीतिको केन्द्रीय वैचारिक सूत्रहरूको अध्ययन र यसको दार्शनिक अन्तर्यको उजागर गरिसकेपछि वर्तमान समयमा देखिएको जाति आधारित राजनीति अस्मितावादी राजनीतिकै एउटा रूप हो भन्ने निष्कर्षमा हामी पुग्छौं । जातिको पहिचानमा आधारित राजनीति आफ्नो दुवै अवतार सवर्ण/ उच्च जातिहरूको जातिगत राजनीति तथा दलितवादी राजनीति पहिचानवादी राजनीतिकै अभिव्यक्ति हुन् । यस रूपमा यिनलाई एकअर्काका 'इन्भर्टेड मिरर इमेज' पनि भन्न सकिन्छ । यहाँ पनि हामी एक प्रकारले देखिने 'डिस्जङ्टिव सिन्थेसिस' मा एक खालको छद्म विकल्पहरूको युग्म देख्न सक्छौं, जुन चाहिँ एकअर्काका विकल्प हुँदै होइनन् । किनभने यी दुवैको आधार आआफ्नै तरिकाले जातिगत पहिचानका साथ राजनीतिको 'अति पहिचानीकरण' हो । यहाँ सवर्ण जातिहरूका विभिन्न सङ्गठनहरूद्वारा व्यवहारमा ल्याइएको अस्मितावादी जातिगत राजनीतिको चर्चाको आवश्यकता छैन । त्यसको प्रतिक्रियावादी बर्बर र अमानवीय चरित्रको विकृटीकरण (डेसिफर) गर्नका लागि केही पनि बाँकी छैन । सार र रूपमा एकदमै एकरूपता छ ।

साथै दलितवादी सङ्गठनहरूद्वारा दलित पहिचानको वरिपरि गरिने राजनीतिले पनि वास्तवमा पहिचानवादी राजनीतिकै एजेन्डालाई पूरा गरिरहेको छ, चाहे यसका पछाडि दलित मुक्तिको असली उद्देश्य किन नहोस् । पहिचानमा आधारित कुनै पनि राजनीति अथवा सङ्गठनसित सामाजिक मुक्तिको कुनै पनि परियोजना हुनसक्तैन । जातिगत, लैङ्गिक, भाषागत अथवा जातीयतावादी अस्मिताका आधारमा कुनै पनि वास्तविक आधारभूत मुद्दा अर्थपूर्ण रूपमा उठाउन सकिँदैन । त्यसैले दलितवादी सङ्गठनद्वारा गरिने दलित पहिचानवादी राजनीतिले अचेतन रूपमै किन नहोस्, पुँजीवादी व्यवस्थाको नै सेवा गर्छ । यही नै पहिचानवादी राजनीतिको वर्गचरित्र हो, जुन यथास्थितिवादी र प्रतिक्रियावादी छ । आफ्ना सम्पूर्ण सदिच्छाका अतिरिक्त पनि यस्ता सबै दलितवादी सङ्गठन दलित मुक्तिको वास्तविक सही परियोजनालाई व्यवहारमा ल्याउन सकिरहेका छैनन् । र पहिचानवादी राजनीतिको धरातलमा उभिएर कहिले पनि यस्तो कुनै परियोजना बनाउन पनि सक्तैनन् । यसमा त्यहाँ सङ्गठित, इमानदार र जुझारूपनका साथ सक्रिय भएका व्यक्तिहरू नै किन नहोउन् । सही राजनीतिको अभावमा यो चिन्तन र सक्रियता प्रायः गरेर सही दिशातर्फ जाँदैन, अथवा धेरजसो यो यथास्थितिको प्रतिनिधित्व गर्ने शक्तिको सेवामा लाग्नेगर्छ । किनभने जबसम्म जातिगत उत्पीडन तथा शोषण र उत्पीडनका अन्य सबै रूपहरूका लागि वास्तवमा को जिम्मेवार छ र कसको विरुद्ध लड्ने हो भन्ने कुरामा प्रस्ट हुइँदैन, तबसम्म यिनका विरुद्ध गरिने प्रतिरोध अर्थहीन हुन्छ । यहाँ एउटा कुरा के प्रस्ट पारिदिनु आवश्यक छ भने जब हामी दलितहरूको सङ्गठनको चर्चा गरिरहेका हुन्छौं, त्यहाँ हाम्रो सन्दर्भ बुर्जुवा राजनीतिमा लिप्त बसपा-सरिखी जस्ता पुँजीवादी चुनावी पार्टीहरूसित कतै पनि छैन । सत्तामा पुग्न बसपाले सवर्णवादी फासिवादी हिन्दूवादी पार्टीसित गठजोड गर्न पनि बाँकी राख्दैन । चुनावी पहिचानवादी दलित राजनीति गर्नेहरूमा मायावतीको स्थिति पनि अरूभन्दा फरक अथवा नयाँ होइन । रामदास आठबले, तमिलनाडुमा दलित पेन्थर्सका नेता थोर थिरुमावलवन, रामविलाश पासवान जस्ताको स्थिति पनि केही भिन्न छैन । कहिले उनीहरू काङ्ग्रेसको र कहिले भाजपाको काखमा बस्दैगरेका देखिन्छन् ।

अरू पुँजीवादी राजनीतिक शक्तिको समान नै चुनावी दलित अस्मितावादी राजनीति गर्नेहरूका पार्टीहरू तिनै वर्गसम्बन्धको सुरक्षा गर्छन्, जो जातिगत उत्पीडनको स्थिति तयार गर्छन् । र सबै जाति आधारित पार्टीहरू वर्ग एकजुटता बन्नबाट रोक्छन् र जातिगत विभाजन रेखाहरूलाई मजबुत बनाउने काम गर्छन् । गैरचुनावी दलितवादी राजनीति गर्नेहरू पनि सही अर्थमा यही काम गर्छन् । कुनै पनि सङ्गठनको राजनीतिक चरित्रको फैसला उसका सदस्यहरूको सामाजिक-आर्थिक मूलस्रोत के हो भन्ने कुराले हुँदैन । त्यस्तै खास दलित सङ्गठनमा दलितहरूको ठूलो सङ्ख्या संलग्न भएको कारण सो दलित सङ्गठनलाई दलितहरूको प्रतिनिधि सङ्गठन मान्न सकिँदैन । खास विचारधाराको सम्बाहक कुन परिवारमा जन्मियो भन्ने कुराले होइन, सो विचारधाराले कुन वर्गको सेवा गरिरहेको छ भन्ने कुराले उसको राजनीतिक विचारधाराको चरित्रको फैसला हुन्छ । पहिचानवादी राजनीतिक तर्क एउटा चक्रीय तर्क हो, यसले केहीबेरमै तपाईंलाई त्यही ठाउँमा ल्याएर छोडिदिन्छ, जहाँबाट तपाईंले आरम्भ गर्नुभएको थियो । यसले एक प्रकारले आफूभित्रै आफ्नो पराजयको तर्क लुकाएको हुन्छ । सवर्णवादमाथि प्रहारको सही तरिका भनेको जाति विभेदलाई सदाका लागि हटाउने किसिमको हुनुपर्छ । प्रस्ट छ, सवर्णहरूको जातिवादको सामना कुनै पनि हालतमा पहिचानवादी दलित राजनीतिक जगमा उभिएर गर्न सकिँदैन ।

उसोभए यस्तो अवस्थामा के गर्नु आवश्यक छ त ? हामीहरू एकपल्ट फेरि भन्छौं, जुन पहिचान/अस्मिताले बढीभन्दा बढी जनतालाई गोलबद्ध गर्नसक्छ, त्यसको वरिपरि नै व्यापक गरिबीले भरिएकाहरूको आवादीलाई गोलबद्ध गर्नुपर्छ, र यसको एउटै पहिचान छ– वर्ग पहिचान, जुन सही अर्थमा पहिचान नै होइन । वर्गको अवधारणाले एउटा सामाजिक सम्बन्धलाई अभिव्यक्त गर्दछ । लेनिनका अनुसार ः "वर्ग मान्छेहरूको ठूल्ठूलो समूहलाई भनिन्छ, जुन सामाजिक उत्पादनको इतिहासद्वारा निर्धारित पद्धतिमा आफ्नो स्थानको दृष्टिले, उत्पादनका साधनसितको आफ्नो सम्बन्धका दृष्टिले ( अधिकांश मामिलामा कानुनद्वारा निर्धारित, प्रतिपादित), श्रमको सामाजिक सङ्गठनमा आफ्नो भूमिकाका दृष्टिका कारणले, सामाजिक सम्पदाको आफ्नो भागको प्राप्तिको विधि तथा आकारका दृष्टिले एक अर्काभन्दा भिन्न हुन्छन् । वर्ग मान्छेहरूको त्यो समूह हो, जसबाट एउटा समूह सामाजिक अर्थव्यवस्थाको निश्चित पद्धतिमा निहित आफ्नो भूमिकाका कारण अर्को समूहको श्रमलाई कब्जा गर्छ ।"

वर्ग एक सापेक्षिक अवधारणा हो । जस्तो परिभाषाबाट पनि प्रस्ट हुन्छ । वर्ग एउटा आर्थिक परिघटना मात्र होइन । सस्कृति, साहित्य, समाजका विभिन्न परिघटनाहरूमा यो अनेक रूपमा अभिव्यक्त हुन्छ । मार्क्सवादमाथि वर्गअपचयनवाद (क्लास रिडक्सनिज्म) र आर्थिक नियतत्ववाद (इकोनमिक रिडक्सनिज्म) को आरोप तथ्यप्रतिको बेइमानी हो । एङ्गेल्सले एक ठाउँ प्रस्टताका साथ भनेका छन् –" इतिहासको भौतिकवादी धारणाअनुसार वास्तविक जीवनको उत्पादन र पुनर्उत्पादन नै अन्ततोगत्वा ऐतिहासिक प्रक्रियाको निर्णायक तत्व हो । न मैले, न मार्क्सले नै यसभन्दा बढी कहिल्यै भनेका थियौं । यदि कसैले आर्थिक तत्व नै एक मात्रै निर्णायक तत्व हो भन्दछ भने उसले आफ्नो यस भनाइलाई एउटा निरर्थक, अमूर्त तथा खोक्रो वाक्यमा फेरिदिन्छ । आर्थिक अवस्था आधार हो, परन्तु ऐतिहासिक सङ्घर्षको प्रक्रियामा वर्गसङ्घर्षको राजनीतिक रूप र विजयी वर्गले सङ्घर्षमा सफलता प्राप्त गरिसकेपछि स्थापित राज्यप्रणाली आदिजस्ता यसका परिणामहरूले न्यायिक रूपहरू र अझ यी सबै वास्तविक सङ्घर्षहरूमा भाग लिने मानिसहरूको मास्तिष्कमा तिनको प्रतिबिम्बले, राजनीतिक, न्यायिक, दार्शनिक सिद्धान्तहरूले जड पद्धतिहरूका रूपमा तिनको विकासले प्रभाव पार्दछन् र कतिपय अवस्थामा त यिनले नै त्यस सङ्घर्षको तरिकालाई आधारभूत रूपमा निर्धारण गरिरहेका हुन्छन् ।"

वर्ग 'अस्मिता' एउटा आधुनिक 'पहिचान' हो, जसले सबै आदिम पहिचानहरूलाई आन्तरिक स्तरमा विभाजित गर्दछ । यो पहिचानले एउटा प्रगतिशील क्रान्तिकारी जनगोलबन्दीतालाई मूर्त रूप दिनसक्छ । यस अर्थमा वर्गअस्मिता सर्वोपरि 'ओभर राइडिङ' पहिचान हो, जुन अन्य सबै पहिचानहरूलाई पन्छाउँदै अस्तित्ववान छ । चाहे कुनै पनि राष्ट्र (nation) होस्, कुनै पनि जाति होस्, कुनै पनि भाषा होस् कुनै पनि क्षेत्र होस्, यससित सम्बद्ध मान्छेहरू वर्गमा विभाजित हुन्छन् र उनीहरूबीच तीव्र ध्रुवीकरण भइरहेको हुन्छ ।

वर्ग अस्मितालाई जोड दिनुको अर्थ अन्य पहिचानहरूको विशिष्टतालाई बेवास्ता गर्नु अथवा नष्ट गर्नु होइन भन्ने कुरा पनि यहाँ प्रस्ट पारिदिनु जरुरी छ । वर्गअस्मितालाई सुदृढ गर्नुको अर्थ वर्गचेतनालाई समुन्नत पार्नु हो र यसको उद्देश्य वर्ग पहिचानको वरिपरि व्यापक जनगोलबन्दी गर्नु हो, चाहे जाति, धर्म, क्षेत्र, भाषा, राष्ट्रियता आदि फरकफरक किन नहोऊन् । व्यापक जनमुक्ति परियोजनाको बाटो यही नै हुनसक्छ । जातिगत, राष्ट्रगत, लैङ्गिक दमन गर्ने शक्तिहरूका बारेमा जब हामी थाहा पाउँछौं, अनि हामी दलित मुक्ति प्राप्त गर्न, जातीय दमन समाप्त पार्न, महिला उत्पीडन र असमानता समाप्त पार्ने परियोजना हाम्रो प्रमुख दुस्मन पुँजीवाद र पुँजीपति वर्ग नै हो भन्ने कुरा पनि थाहा पाउँछौं । समग्र सामाजिक-आर्थिक ढाँचामा आमूल परिवर्तन, सबै प्रकारका असमानताको समाप्ति र समतामूलक समाजको स्थापनाको परियोजनालाई परिणाममा पुऱ्याएपछि नै जातिगत समस्या खत्तम हुनसक्छ । यसको अर्थ यस्तो क्रान्ति तथा यस्तो समाजको निर्माण नहोउन्जेलसम्म जातिवाद र जातिगत मानसिकता विरुद्धको सङ्घर्षलाई थाति राख्न हामी प्रस्ताव गरिरहेका छौं भन्ने चाहिँ अवश्य होइन । हामीलाई राम्रोसित थाहा छ जातिगत मानसिकता र जातिवादीका विरुद्ध निरन्तर प्रचारबिना सर्वहारा वर्गलाई पनि एउटा वर्गका रूपमा एकजुट पार्न सकिँदैन । वास्तवमा वर्गचेतना पैदा गर्ने कार्य अनिवार्य र अपरिहार्य रूपबाट आजैदेखि सम्पूर्ण शक्तिका साथ जाति र जातिवादको विरुद्धको सङ्घर्षसित जोडिएको छ । यो बिना कुनै पनि रूपमा सर्वहारा वर्ग पुँजीवादका विरुद्ध एउटा वर्गका रूपमा जागृत, गोलबद्ध र सङ्गठित हुनसक्तैन । यदि जातिसित सम्बद्ध यस महत्वपूर्ण प्रश्नलाई अलग पारेर, एक्ल्याएर हल गर्ने भनेर सबै प्रयासहरू पहिचानवादी राजनीतितर्फ लैजान्छौं भने देशका ती सबै श्रमजीवीहरूलाई टुक्राटुक्रामा विभक्त गर्ने कार्यमा हामी पनि पुँजीवादी, सवर्णवादी विचारधाराभन्दा कम भूमिका खेलिरहेका हुँदैनौं । यस कारण जातिको प्रश्न समाधानका लागि विखण्डनमा रमाइलो मान्ने पहिचानवादी राजनीतिको होइन, क्रान्तिकारी वर्गदृष्टिकोणको आवश्यकता छ ।

*'अरविन्द ट्रस्ट' को सौजन्यबाट प्राप्त*

# लोकतान्त्रिक चोरी


● मित्रलाल पंज्ञानी ●

इटालीको हाइएस्ट अपील कोर्टले फैसला सुनायो–'घरबारबिहीन भोको मान्छेले कुनै सुपरमार्केटबाट खाने कुरा चोरेको विषय अपराध हुँदैन।' एउटा स्टोरबाट ४.७ युरो बराबरको दुई टुक्रा चीज र एक पकेट ससेज चोरेर लैजान खोज्दा रङ्गेहात समातेर अदालती कारवाहीमा पठाइएको रोमन ओस्तृयाकोभ नामक व्यक्तिका नाममा सुनाइएको फैसला थियो यो। यो निर्णयमा सम्पत्तिको अधिकारभन्दा बाँच्न पाउने अधिकार प्राथमिक हुने तर्कले काम गरेको थियो। सन् २०१६ मे २ मा इटलीको न्युज एजेन्सी ए.एन.एस.ए. मा प्रकाशित यो समाचारले इटालीमा तातो तातो प्रतिक्रिया उत्पन्न गरेको थियो। मे ३ का दिन बी.बी.सी.ले प्रसारण गरेको र 'द न्यु योर्क टाइम्स'ले पनि प्राथमिकता दिएर छापेको थियो।

यो कुनै सिद्धान्त नभएर अपवाद हो। सुपरमार्केटमा पसेर सामान चोर्ने र अदालतबाट सफाइ पाउने अवसर सबै भोकाहरूलाई प्राप्त हुने कुरा होइन। र पनि यसले गम्भीर सन्देश दिन्छ- 'सबै प्रकारका चोरीलाई एउटै दर्जामा नराख।'

संस्कृतमा यस्तै आशयको एउटा नीतिवाक्य प्रचलित छ : 'बुभूक्षितः किं न करोति पापम्' अर्थात् 'भोकाले किन पाप नगरोस्।' साहित्यकार विजय मल्लले 'बौलाहा काजीको सपना' नामक एकाङ्कीमा चोर्नु भन्दा मर्नु ठूलो पाप भएकाले चोरेर भए पनि बाँच्नु पर्छ भन्ने सन्देश दिएका छन्। काम गरेर कमाउने ठाम नपाएपछि र सेवा गर्दा गर्दै भएको सम्पत्ति पनि गुमाएपछि चोरी निर्विकल्प भएको बयान दिन्छ कवि भेषजराज शर्माको कविताको एउटा पात्रले:

*हुन्थैं त तिम्रो भतिजो कि सालो*
*मिल्थ्यो अवश्यै पनि आज पालो*

*सेवा गरैं साहुहरू रिझाएँ*
*'होला कि' ले जीवन यो बिताएँ*

*परन्तु उल्टो फल भोग्न पाएँ*
*सम्पत्ति आफ्नै पनि जो गुमाएँ*

*जहान बच्चा कसरी म पालूँ*
*संसार आफ्नो कसरी सँभालूँ*

*बाटो यही एक थियो समाएँ*
*तसर्थ चोरैं भन के बिराएँ ?*

चोरी हाम्रो समाज व्यवस्थाको उपज हो। हाम्रो अर्थराजनीतिक प्रणालीको उपज हो। हाम्रो वितरण प्रणाली विषमतामा आधारित छ। यस्तो प्रणालीमा पैसाको खोलो मास्तिर बग्छ। राज्यसत्ताको निर्णायक भूमिकामा बसेकाहरूको भण्डारतिर। धनाढ्यहरूको खजानातिर। भोका, नाङ्गा र निमुखाहरूको वस्तीतिर सुख्खा, ठण्डाराम !

हाम्रो राज्यव्यवस्थाले जनताको दुःखको जिम्मेवारी बोक्दैन। गास, वास र कपडाको ग्यारेन्टी लिँदैन। र पनि मान्छेहरू इमान्दार भएर उभिने चेष्टा गर्छन्। श्रम गरेर कमाउने प्रयत्न गर्छन्। चोर हुन कोही पनि चाहँदैन। सज्जनता मान्छेको स्वाभाविक वृत्ति हो। सङ्कटको अकाट्य मोडमा पुगेपछि मात्रै मान्छे चोरमा बदलिन्छ। यस्तो चोरीलाई दण्डका माध्यमले नियन्त्रण गर्न सकिँदैन। बाँच्नुका आधारभूत आवश्यकता जुटाउने बन्दोबस्त गरिदिनुपर्छ राज्यले। त्यसै दिनु पर्दैन, रोजगारी र श्रमको उचित मूल्य दिए पुग्छ। यति व्यवस्था मिलाउन नसक्ने हो भने सरकार, संसद र न्यायालय किन चाहियो ? कसका लागि चाहियो ? प्रश्नहरू सधैँ चुप लागेर बस्तैनन्।

बाँच्नका लागि न्यूनतम आवश्यकता पूरा गर्न चोर्नेहरू सरल चोर हुन्। प्रशस्त धन हुँदा हुँदै अझै धेरै चोर्न हौसिनेहरू जटिल चोर हुन्। सरल चोरहरूले चोरेको छ्याङ्गै देखिन्छ। जटिल चोरहरूले चोरेको हत्तपत्त देखिँदैन। सरल चोरहरूको सम्पर्क सञ्जाल तलतलै सीमित हुन्छ। जटिल चोरहरूको सम्बन्ध राज्यसत्ताको उपल्लो तहसित गाँसिएको हुन्छ। यस्तो चोरीलाई आधुनिक भाषामा भ्रष्टाचार भन्छन्। एन.सेल काण्ड, सुन काण्ड, जहाज काण्ड, कोरोनाकालको आपूर्ति काण्ड जस्ता काण्डहरू यसै अन्तर्गत पर्दछन्। भ्रष्टाचारी मध्येका पनि उपल्लाले राज्यको कानुन र नीति निर्माणमै हस्तक्षेप गर्ने हैसियत राख्छन्।

कतिपय पार्टीहरू भ्रष्टाचारीको दक्षिणामा चलेका छन्। त्यसलाई चन्दा वा आर्थिक सहयोग पनि भन्न सकिन्छ। जब दक्षिणा लेनदेन हुन्छ तब त्यसको गणना पनि सँगसँगै हुन्छ। धेरै दिने ठुलो, थोरै दिने सानो र दिँदै नदिने तुच्छ गनिन्छ। यो दक्षिणा हाम्रो संस्कृतिरूपी वृक्षमा टाँसिएर बेरिएर खतर्नाक ढङ्गले झाङ्गिएको ऐजेरु हो। भ्रष्टाचारको आधार पनि हो। चुनावका बेलामा नेताहरूलाई ठुलो अङ्कमा दक्षिणा दिनेहरूले तिनको पार्टीको नीति विचार मन परेर अथवा दानी भएर दिएका हुँदैनन्। त्यसबाट प्राप्त हुने नाफा हिसाब गरेर दिएका हुन्छन्। त्यसैकारण तत्काल सत्तामा जाने सम्भावना नभएकाहरू र मुड्के बल देखाउन नसक्नेहरूले चाहेर पनि चन्दा उठाउन सक्तैनन्।

नेपालकै एउटा ठूलो पार्टीको कोटाबाट समानुपातिक सांसद बनाइएकी एउटी महिला संसदमा निर्णायक मतदान हुने बेलामा अनुपस्थित रहिन्। उक्त पार्टीले तिनलाई कारवाही गर्ने घोषणा गऱ्यो। उनले आफूले दिएको पैसा सम्झाइन्। सप्रमाण भण्डाफोर गर्ने उद्घोषसहित आफ्नो स्वर चर्काउँदै लगिन्। अन्ततोगत्वा उनलाई कारवाहीको साटो दोसल्ला ओढाएर सम्मान गरियो। यी त चुहेर बाहिर आएका दृश्य जगत्का कुरा हुन्। त्यो भन्दा निकै विशाल छ अदृश्य जगत्को चलखेल। अग्रगामी निर्णय गर्न खोज्ने र कार्यान्वयनका बेलामा पश्चागामिता नै अँगाल्नुको मुख्य कारणहरू यस्तै यस्तै अनेक प्रकारका स्वार्थजन्य सम्बन्धहरू नै हुन्।

त्याग गर्ने परम्परा स्थापित भएका ठाउँमा सबभन्दा ठूला त्यागी नै सबभन्दा आदरणीय हुन्छन्। त्याग तपस्याकै देखासिकी हुन्छ। त्याग तपस्याकै प्रतिस्पर्द्धा चल्छ। र त्यसकै गुरुत्वमा जनताहरू गोलबन्द हुन्छन्। नेतृत्वकर्ताको जीवन सादा र विचार उच्च हुन्छ। जनसेवा मुख्य उद्देश्य हुन्छ। भोगको भावना भड्किसकेपछि स्थिति उल्टो बन्न पुग्छ–जसले सबभन्दा धेरै सुखवैभव भोग गर्न सक्यो त्यही सबभन्दा ठूलो ! यहाँ शान देखाउने प्रतिस्पर्द्धा चल्छ। भोगका अवसरबाहेक बाँकी सबै कुरा भ्रम हुन्छन्। मन मनमा 'मै खाऊँ मै लाऊँ' को भावनाले राज गर्छ। तैँले काटेको सुख मैले किन नकाट्ने ? मनमा प्रश्न नै यसरी उठ्छ। वनमा वनमारा फैलिएझैँ अहिले हाम्रा सत्तासीनहरूको मनमा यसैगरी भोगको भावना निकै जागेको छ।

यिनीहरू सत्ताको नशाले लठ्ठ छन्। नशाबाट आर्जित उपादानमा संसार यथार्थभन्दा अर्कै देखिन्छ। त्यो दृश्यमा उनले जे जानेका छन् संसार भनेकै त्यत्ति हो। उनको जानकारीभन्दा पर कुनै संसार छैन। यो जगत् उनको इच्छाले चलिरहेको छ। आफ्नै प्राकृतिक र वस्तुगत नियमले चलिरहेको छैन। उनले आदेश दिएपछि सकियो।

शब्द उही भए पनि शासक र शासितहरूको अर्थ फरक फरक हुन्छ। गरीबलाई चुस्ने र धनीलाई पोस्ने प्रणालीको नाम पनि लोकतन्त्र हुन सक्छ। यसमा लोकको अर्थ धनीमानी भन्ने बुझ्नुपर्छ। निर्धालाई कुल्चने र बलियालाई ढोग्ने प्रणालीको नाम समाजवाद पनि हुन सक्छ। यसमा समाजको अर्थ बलियाहरू भन्ने बुझ्नुपर्छ। हामीकहाँ स्थापना गर्ने भनिएको समाजवाद यस्तै किसिमको हो। यस्ता अगुवाको नेतृत्वमा आउने समाजवाद त्यस्तो नभएर कस्तो हुन्छ त ?

यो लोकतन्त्रमा लोकको विचार के छ ? भनेर बुझिरहन जरुरी छैन। नेताले नजानेको केही भए पो ! पाँच वर्षमा एकपल्ट भोट हालेपछि लोकको काम सकियो। बाँकी जम्मै काम लोकतन्त्रका नाममा निर्वाचित भएकाहरूले गर्छन्। चुनावमा उम्मेदवार बन्न र निर्वाचित हुनका लागि लाखौं लाख खर्च गर्नु पर्छ। कतिले त करोडौं खर्च गर्छन्। जितेपछिको पहिलो काम त्यही खर्च उठाउने हो। मोज गर्ने हो। संविधानमा सबैको बराबरी हक लेखिए पनि गरिबहरू निर्णायक राजनीतिक पदमा चुनिनका लागि अयोग्य हुने विषय हाम्रो व्यवहारमा प्रचलित अलिखित कानुन हो। यो खर्च गर्न सक्ने धनीहरूको लोकतन्त्र हो। यसले तिनै धनाढ्यहरूको पक्षमा काम गर्छ।

राणा शासन जनताले नै फाले। पञ्चायतलाई उनैले मिल्काए। राजतन्त्र उनैले उखेले। हरेक आन्दोलनमा देश एक कदम माथि उठेको र अगाडि बढेकै हो। तर अझै पनि श्रमलाई दुःख र अपमानको गर्तमा खसालिएको छ। धनलाई सुख र सम्मानको आकाशमा उचालिएको छ। यत्रो धन कहाँबाट कसरी आयो भनेर सोध्ने र शङ्का गर्ने चलन स्थापित नभएसम्म भ्रष्टाचारको अन्त्य हुदैन। यो शङ्का र प्रश्न जनताको घर घर र मन मनमा कहिले झाङ्गिन्छ कुन्नि ! नेपालमा वास्तविक क्रान्ति भएकै छैन।

## देजमो...

ओली सरकारले त्यसवारे अहिलेसम्म विरोधको एक शब्द पनि बोलेको छैन। मानौ नेपाल सरकार भारतीय कठपुतलीको सरकार हो। सरकारले भारतका अगाडि घुडा टेकोले अब नेपाली जनता स्वयम् यो अतिक्रमणका बिरुद्ध एकताबद्ध भएर संघषमा उत्रनुको विकल्प छैन्। यसै सन्दर्भलाई लिएर देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सी पी गजरेलले सम्पूर्ण देशभक्त नेपाली दिदी बहिनी, दाजु भाइ संग हार्दिक अपिल गरेका छन्। उक्त अपिलको पूर्ण पाठ तल दिइएको छः

***भारतीय अतिक्रमणको विरोधमा जुटौं!***

नेपालको सीमा भित्र भारतीय सेनाले सडक बनाउँदै छ भन्ने जानकारी सहित हामीले उक्त काम रोक्न नेपाल सरकारले भारत सँग कुटनीतिक पहल गरोस् भनेर पटक पटक ध्यानाकर्षण गर्नुका साथै सडकबाट पनि माग गर्दै आएका थियौं। कोभिड-१९ को महामारीले विश्वव्यापी रूपमा संकट खडा गरेको मौका छोपी लिम्पियाधुरा हुँदै मान सरोवर सम्म जाने सडकको भारतीय रक्षा मन्त्रीले हिजो उद्घाटन गरेको घटना सन् १८१६ मा नेपाल र भारतका वीचमा भएको सुगौली सन्धीको उल्लंघन र नेपाली भूभाग माथिको अतिक्रमण हो। अविलम्ब कुटनीतिक पहल गरी अतिक्रमित नेपाली भूभागलाई मुक्त गर्न नेपाल सरकार सँग हामी जोडदार माग गर्दछौं। यतिखेर सम्पूर्ण राष्ट्र कोभिड १९ को महामारी सँग जुधिरहेको र लकडाउन् मा रहेको मौका छोपेर भारत सरकारले गरेको यो अतिक्रमणका बिरुद्ध एकतावद्ध संघर्ष गर्नका लागि तयार रहन पनि हामी सम्पूर्ण देशभक्त नेपाली दिदी बहिनी, दाजु भाइ संग हार्दिक अपिल गर्दछौं।

## डबल...

न हुन सक्छ। मार्क्सवादलाई वर्ग संघर्षको सिद्धान्तसम्म मात्रै सिमित राख्नुको अर्थ हो -मार्क्सवादलाई लंगडो तुल्याउनु, त्यसलाई बंग्याउनु र त्यसलाई पुंजीजीवि वर्गको निम्ति मान्ने हुन सक्ने किसिमको बनाउनु। मात्र त्यो माक्सवादी हो जो वर्ग संघर्षको मान्यतालाई सर्वहारा वर्गको अधिनायकत्वको मान्यता सम्म नै लागु गर्दछ। एक मार्क्सवादी र एक साधारण निम्न पुंजीजीवि विचको सबभन्दा गम्भिर अन्तर यहीनै हो। यसै कसीमा घोटेर नै मार्क्सवादको वास्तविक समझदारी र मान्यताको परिक्षा गरिनु पर्दछ।" लेलिन - राज्य र क्रान्ति पृ. ४२/४३। लेलिनको माथिको यो भनाई अनुसार जसले वर्ग संघर्षको मान्यतालाई सर्वहारा वर्गको अधिनायकत्वको मान्यता सम्म लागु गर्छ त्यो मात्र सच्चा मार्क्सवादी (कम्युनिष्ट) हो। जसले मार्क्सवादलाई वर्ग संघर्षको सिद्धान्त सम्म मात्र सिमित राख्छ र सर्वहारा वर्गको अधिनायकत्वलाई मान्दैन उ साधारण निम्म पुंजीजीवि हो। लेलिनको यस भनाइको आधारमा हेर्दा डबल नेकपा मार्क्सवादी (कम्युनिष्ट) होइन। किनभने उसले वर्ग संघर्षको मान्यतालाई सर्वहारा वर्गको अधिनायकत्वको मान्यता सम्म मान्दैन। त्यसले संसदिय व्यवस्थालाई मान्दछ। सर्वहारा वर्गको अधिनायकत्वलाई तानासा भन्दछ। लेलिनले भने झै डबल नेकपाले मार्क्सवादलाई पुंजीजीवि वर्गको निम्ति मान्य हुन सक्ने किसिमको बनाइरहेको छ। त्यसैले आफुलाई सच्चा कम्युनिष्ट मान्ने र आम श्रमिक वर्ग के कुरामा प्रस्ट हुनुपर्छ भने डबल नेकपा कम्युनिष्ट पार्टी होइन र यसको सरकार पनि कम्युनिष्ट सरकार होइन।

सच्चा कम्युनिष्ट पाटी होइन भन्ने थाहा हुदाहुदै पनि आज सबै खाले प्रतिकृयावादी शक्तिहरूले डबल नेकपालाई कम्युनिष्ट पार्टी नै हो र त्यसको सरकार कम्युनिष्ट सरकार हो भनेर प्रचार गरिरहेका छन्। त्यसो गर्नुको पछाडी उनीहरूको निहित उद्धेश्य छ। त्यो उद्धेश्य भनेको जो कम्युनिष्ट होइन त्यसलाई कम्युनिष्ट भनि प्रचार गरेर उनीहरू बाट सर्वहारा वर्ग र आम श्रमिक वर्गको विरुद्धमा हुने कार्या बाट कम्युनिष्ट आन्दोलन माथि प्रहार गर्ने र जनतामा कम्युनिष्टहरू प्रति नकारत्मक भाव पैदा गराउनु हो। त्यस कारण राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिकृयावादी शक्तिहरूले डबल नेकपालाई जसरी कम्युनिष्ट पार्टी भनेर प्रचार गरिरहेका छन् त्यसभ्रम बाट सर्वहारा वर्ग र आम श्रमिक जनतालाई मुक्त गराउनु पर्दछ।

कम्युनिष्ट पार्टीको उद्धेश्य भनेको वर्ग विहिन, सोषण विहिन समाजको निमार्ण गर्नु हो। त्यो उद्धेश्य प्राप्त गर्नका लागी कम्युनिष्ट पार्टीहरूले आ-आफ्नो देशको परिस्थिति अनुसार कार्यक्रम निश्चित गर्छन्। फरक फरक देशको फरक फरक परि स्थितिमा कार्यक्रमहरू फरक भए पनि त्यस को सार भनेको सर्वहारा वर्ग, मजदुर, किसान र आम सोसित पिडित जनताको हितको पक्षमा काम गर्नुहुन्छ। त्यसरी उत्पिडित वर्गको पक्षमा काम गर्दा उत्पिडक वर्ग माथि अधिनायकत्व लगाउनु पर्ने हुन्छ। तर अहिलेको डबल नेकपा सारमा साम्राज्यवाद र विस्तारवाद द्वारा निर्देशित र परिचालित छ। यसले साम्राज्यवादी भूमन्डलिकरण, उदारीकरण र निजिकरणलाई स्वीकारेको छ। यसको अर्थराजनिति भनेको अन्तराष्ट्रिय रूपमा साम्राज्यवाद तथा विस्तारवादको सेवा गर्नु हो भने राष्ट्रिय रूपमा दलाल तथा नोकरशाही पुंजीपति र सामन्त वर्गको सेव गर्नु हो। त्यसरी डबल नेकपाले मजदुर किसान लगाएत आम उत्पिडनमा परेका जाती समुदायको हितको पक्षमा पनि काम गर्दैन।

अहिले आम जनसमुदायको ध्यान केन्द्रित भएको अर्को विषय भनेको डबल नेकपा भित्र चलेको शक्ति संघर्ष हो। अहिले त्यस पार्टी भित्रको अन्तरविरोध यति उत्कर्षमा पुगेको छ कि स्थायी समितिका सदस्यहरूले बैठको लागी लिखित रूपमा निवेदन दिदा पनि स्थायी समितिको बैठक बस्न सकेको छैन। आखिर उनीहरू भित्रको अन्तर विरोधको वास्तविक विषय वस्तु के हो त ? भनेर हेऱ्यौ भने त्यहाँ एमसीसी सम्झौता बाहेक कुनै सिद्धान्त, विचार, निति र कार्यक्रमको विचमा चलेको अन्तर संघर्ष होइन। त्यो खाली पदको लागी चलेको अन्तरसंघर्ष हो। एमाले र माओवादी केन्द्र बीच एकता हुँदा पनि पदकै विषयमा कुरा नमिल्दा दुई जना अध्यक्ष बनाइएको थियो। अहिले एक जना पार्टी अध्यक्ष तथा प्रधानमन्त्री केपी ओलीले पार्टीको आधिकारीक निर्णय नगराई आफ्नो गुटलाई लिएर अगाडी बढ्न थालेपछि त्यो पार्टीमा अन्तरसंघर्ष उत्कर्षमा पुगेको छ। यो अन्तरसंघर्ष कहाँ गएर टुंगिनेछ ? यसको सहजै अनुमान गर्न सकिन्छ कि अन्ततः अहिलेको सचिवालयका नेताहरू र उनका पक्षका अन्य नेता तथा कार्यकर्ताहरूलाई पदिय भागबन्दा मिलाएरनै यसको हल गरिनेछ। उनीहरूको यस अन्तरविरोधले व्यक्तिहरूको हकमा केही फेर बदल भएपनि राष्ट्र र आमश्रमिक जनताको पक्षमा अग्रगामी परिवर्तन हुने छैन। यहि दलाल तथा नोकरशाही पुंजीपति र सामन्तवर्गको राज्यसत्तालाई मदत पुग्नेगरी कामहरू अगाडी बढ्ने छन्। भ्रष्ट्राचार रोकिने छैन अरु संस्थागत हुदै जाने छ। धनी र गरिब बिचको खाडल अझै बढ्दै जाने छ।

२०७७/०१/२८

मोदनाथ मरहठ्ठाका दुई कविता

# चिहान


● मोदनाथ मरहठ्ठा ●

*जितियो जितियो साथी नारा घोकेर आइयो*
*गाउँमा आँशुको बाढी बिर्सिएर रमाइयो*
*त्यत्रो उन्मादको जित अँध्यारो भो कता गयो*
*माछाको कुरमा हात भेटेको भ्यागुतो भयो।*

*दोष यो खोजूँ कसको हो कि हाम्रै बुध्दिले गऱ्यो*
*न जाने गाउँको बाटो हिँडायो सुध्दि त्यो मऱ्यो*
*यो इतिहासको लेखा लेख्नेले चाल पाउला*
*पक्कै हिसाब लेखेर हामीलाई बताउला।*

*रोल्पाले बुझ्नु पर्नेथ्यो गोरखाले नबुझे पनि*
*डोल्पाले छेक्नु पर्नेथ्यो पाल्पाले नसुझे पनि*
*त्यो स्वनिर्णय आत्माको हो स्वभिमानको कुरा*
*जुन पहिचान सामर्थ्य मागेको छुट्यो पुरा।*

*उठेका लेखनी हात निम्छरो वैलिए किन*
*सुतेका बैरीका बुध्दी जुरुक्कै तैरिए किन*
*फेरी हिसाबका लागी उठौं न जनजाती हो*
*यौटै चिहान खन्नु छ पुराना राष्ट्रघातिको॥*

# सिंहदर्बार र हाम्रो भूगोल

*ओ सिँहदर्बार कान खोलेर सुन*
*हुन्छ जतिसुकै औंला उठाउ*
*जतिसक्दो हत्केला ठटाउ*
*तुर्लुङ बोकेर हाम्रो चेतना पेल्न*
*जतिसुकै चेला पठाउ*
*हाम्रो मुठ्ठी उठिरहन्छ*
*सडक हाम्रो आँगन हो*
*तिमि जतिसुकै लोकोपकारका बात फलाक*
*नयाँ भूगोलको ब्यहोरा अलाप*
*देखाउ मिथ्या बकबास*
*लेख संख्याको दस्ताबेज*
*ल्याउ सामर्थ्यको अध्यादेश*
*आफ्ना हनुमानहरूलाई तीनहात बित्ता उफार*
*तिमिले टेकिरहेको भूगोल*
*भासिन थालेको संकेत छ*
*के सतचालिसको बिधान पढेका छौ ?*
*बिचरो त्यो पन्ध्रबर्षे बयमै गयो*
*रच फेरी अकाट्य फूलबारिको गाथा*
*लगाउ बिदेशी लौहको स्तम्भ*
*घेर काँढेतारले*
*किनकी हामी सडकमा छौं*
*सडक हाम्रो भूगोल हो*
*हिजो सडक जोत्ने केहि मुखियाहरू*
*बासी जिम्मालको जुत्ता बोक्न धाए भन्दैमा*
*तिम्रो बिधानको सुरक्षा के भरपदी छ ?*
*पर्ख दशोटा बर्ख*
*हामी सडकमा छौं*
*सडक हाम्रो हिस्सामा छ।*

यी जनपक्षीय मिडियाहरू
खोजी खोजी पढौं !
www.moolbato.com
www.daunnenews.com
www.isthaniyapatra.com
www.navadristi.com
www.hamrokalapani.com
www.hamroonline.com
www.newsabhiyan.com
वर्गदृष्टि साप्ताहिक
दाउन्ने साप्ताहिक
स्थानीयपत्र साप्ताहिक
छापामार साप्ताहिक
नयाँ कोशी मासिक
दायित्वबोध त्रैमासिक

## गिद्धहरूले...

हुने गर्दछ र हो । त्यो पछिल्लो पटक स्वास्थ्य सामग्री खरिदमा कसरी प्रकट भयो जग जाहेर छ । संस्थागत एजेन्ट मार्फत काम गर्नु यसको धर्म हुन्थ्यो । तर, त्यसो नगर्दा फस्यो र अन्ततः सेनालाई संस्थागत दलालका रूपमा छान्यो । अनि स्वास्थ्य सम्बन्धी उपकरण र औषधिव्याधि अर्बौंको खरिद सेना मार्फत गर्दैछन् ।

सेनालाई छान्नुको खास मक्सद चाहिं यो हो कि फाँसिवादी नेताले सेना बाहेक अरु कसैलाई विश्वास गर्दैन । सेना नै उसको सबै भन्दा नजिकको भरपर्दो निकायको रूपमा रहेको हुन्छ । ओलीको पछिल्लो कदम त्यहि सेनाको आड र भरोसामा चालिएको हो भन्ने बुझ्न गाह्रो छैन । परम्परागत फासिवादमा ट्रेड युनियनका नेताले निभाउने भूमिका यहाँ सेनाले निभाउने गरी ओली र सेनाबीच सहकार्य भइरहेको छ । सेनाको खास कामको दायित्व भनेको राष्टिय स्वाधिनताको रक्षा र राष्टिय स्वाधिनता माथि विदेशी हस्तक्षेप विरुद्ध सशक्त रूपले प्रतिरोधमा उत्रनु र उतार्नु हो । तर, वर्तमान ओली नेतृत्वको सरकार, भारतीय विस्तारवादी मोदी सरकारले नेपालको राष्टिय स्वाधिनतामाथि प्रत्यक्ष हस्तक्षेप गरी कालापानी, लिपुलेक र लिम्पियाधुरालाई आफ्नो राजनैतिक नक्साभित्र समाहित गर्नुकोसाथै मानसरोवर जाने बाटोसमेत बनाउन थालेको छ, त्यसका विरुद्ध नेकपा (क्रान्तिकारी माओवादी) लगायत अन्य पार्टी तथा आमजनताको सशक्त विरोधमा उत्रंदा पनि ओली सरकार उपहासकको रूपमा उभिएर राष्ट्रिय स्वाधिनता सामू नतमस्तकभई बसिरहेकोछ ।

लाजमर्दो कुरो यस्तो महामारीको बेलामा पनि आर्थिक पारदर्शिता र सुशासन कायम गर्न नसक्नु । त्यसो त सामान्य अवस्थामै अधाइ वर्ष मा उल्लेख्य काम गर्न नसकेको सरकारले, अब कोभिड-१९ को बहाना बनाएर माथिदेखि तलसम्म धमिलो पानीमा माछा मार्ने । यसरी भ्रष्टाचार मौलाउनु त वर्तमान सरकारको दिनचर्या जस्तै - समाग्री खरिद, क्वारेन्टाइन स्थल निर्माण, उपचार खर्च अनि राहात वितरणका नाममा तिनै तहमा भ्रष्टाचार मौलाएको समाचारले व्यापकता छाएको छ ।

कोभिड-१९ संक्रमण रोकथामको निम्ति देशमा सरकारबाट लकडाउनको घोषणा चैत्र ११ बाट शुरु गरेको अहिले देढ महिनाको अवधिसम्म नेपालका अधिकांस जनताले महामारी विरुद्ध सघाउने उद्देश्यले सरकारका हुकुमहरू पालना गरिरहेका छन् । तर, सरकारका तर्फबाट भने कोरोनाले धमिल्याएको पानीमा माछा मार्ने अभ्यासमा तलिन छन् । र यस्तो महामारीमा पनि भ्रष्टाचारको ढाकछोप गर्दै आएका प्रधानमन्त्रीले सगर्व भनेका छन् । पहिले जीवन अनि व्यक्तिगत स्वतन्त्रता । खासमा भन्ने नै हो भने सरकारसँग लकडाउन पछि के गर्ने भन्ने कुनै योजना नै देखिन्न र छैन । लकडाउनमै सिर्जित समस्याको समाधान गर्ने कुरो त कता हो कता । न्युनिकरण गर्नेसम्मको कार्यक्रम पनि भएको व्यवहारतः देखिन्न ।

विश्वभरि कोभिड-१९ को महामारीले संकटग्रष्ट पारिरहेको वर्तमान स्थितिमा लकडाउन नै सबथोक त होइन। लकडाउन साधन मात्र हो । लकडाउन उपचार भने होइन । लकडाउनले महामारी विस्तारमा कमि गराए पनि भाईरस निर्मूल पार्न हामी जिम्मेवार भएर धेरै काम गर्नुपर्छ । लकडाउनले हामीलाई पूर्वतयारिको निमित्त समय दिन्छ । लकडाउन नै एक मात्र बिकल्प ठानेको सरकारले उपत्यकामा अज्झ भनुँ देशव्यापी अहिलेसम्म टेष्टङको दर बढाएको छैन । अब यस्तो स्थितिमा उपत्यका आवत-जावत गर्ने नाकाहरूमा कडाई गेरर उपत्यकालाई ग्रिनजोन घोषणा गरी लकडाउन खुकुलो पार्नुपर्ने जस्तो सोच देखापर्न थालेको छ । अर्कोतिर महानगरिय, प्रहरी कार्यालयका अनुसार काठमाडौँमा दुई हजार मानिसहरू लकडाउन उलंघन गरेको आरोपमा पक्राउ पर्दै आएका छन् । लकडाउनको कार्यान्वयन फितलो हुनुको कारण हजारौं सवार साधान काठमाडौँमा प्रवेश गरिरहेका छन् भने सयौं मानिसहरू उपत्यका भित्रिरहेका छन् ।

अहिले नेपालमा भइरहेको कोरोना संक्रमण रोकथामको निम्ति भइरहेको टेष्टिङ, यसै सम्बन्धी विज्ञहरूले समेत भन्दै आएका छन् भरपर्दो काम भइरहेको छैन । जवसम्म भरपर्दो काम हुँदैन तवसम्म संक्रमण विस्तारबारे पनि थाहा हुन सक्दैन । यही कारण हामीलाई जोखिम छैन भनेर ढुक्क हुने अवस्था नै छैन । अहिले यहाँ टेष्टिङमा र्‍यापिड किटको प्रयोग व्यापक भयो । तर, पीसीआरको दायरा बढेन । र्‍यापिड टेष्ट व्यक्तिगत स्तरमा होइन, सामुहिक स्तरमा हुने परिक्षण हो । र यो र्‍यापिड किट डब्लुएचओले टोके अनुरूपको मापदण्ड बिनाको किट भनि व्यापक चर्चा परिचर्चा पनि हुँदै गरेको सुन्नमा आएको छ ।

नेपालमा अहिले केहि स्थानहरूमा (जिल्लाहरूमा) छिटफुट संक्रमण देखिन थालेको छ । यसले पनि कतै भित्रभित्र नजानिंदो गरी महामारी बढीसकेको त छैन भन्ने आशंका उब्जाएको छ । तर, विश्वका अन्य राष्ट्रहरूको उदाहरण हेर्ने हो भने महामारीको शुरुवाती चरणमा रोगको विस्तार धिमा गतिमा नै देखिने गरेको थियो । धेरै राष्ट्रहरूमा शुरुवाती संक्रमणको संख्या तथा लक्षणको कमि देखेर उचित सावधानी नअपनाउँदा भयावह स्थितिको सामना गर्नु परेको उदाहरण हाम्रो सामू ताजै छ । देशका अभिभावक वर्तमान सरकारले अत्यन्तै गम्भिर भएर सोच्नु पर्ने कुरो भनेको हामीले त्यही गल्ति दोहऱ्याउनु हुन्न । तर तीनले सोच्न सकिरहेको छनकसम्म पनि देखिन्न । लकडाउन खोल्नु अघि टेष्ट ब्यापक बनाउनु पर्छ । यही अवस्थामा लकडाउन खोल्यौं भने संक्रमितको संख्या बढेर महामारी फैलिन सक्छ ।

यसो भनेर फेरि लकडाउन मात्र लम्ब्याएर पनि हुन्न । त्यसको निम्ति हामीले अत्यन्तै गम्भिर भएर सोच्नु पर्ने कुरो के हो भने आम जनताको जीविकोपार्जन तथा अत्यावसेक उपचार सँगै रोजगारी र कृषिजन्य उत्पादन लगायत विषयहरूमा पनि जिम्मेवारीपूर्ण ढङ्गले सोच विचार पुऱ्याई व्यवहारमा उत्रनु जरुरी छ ।

विश्वब्यापी यो कोभि-१९ संकटबाट हाम्रो देश नेपाल अछुतो छैन । तसर्थ देशभित्र र विदेशमा रोजगारीको निम्ति भौतारिन बाध्य, तर, यतिखेरको यो महासंकटमा परी विदेशी भूमिमा बिचल्लीमा परिहेका आम नेपाली सुरक्षित तौर-तरिका अपनाई नेपालमा ल्याई आवश्यक्ता अनुरूप व्यवस्था मिलाई पूर्ण सुरक्षाको प्रत्याभूति दिलाई क्वारेनटाइनमा राख्नु, त्यसैगरी देशभित्रका दैनिक ज्यालादारी गरी (हुँदा खाने) निम्न बर्गीय आम जनसमूदायलाई पनि जीवनोपार्जनको आवश्यक व्यवस्था मिलाई पिडित मानसिकतालाई धादस दिनु नितान्त जरुरी छ ।

जरुरी छ, देश र जनताको मुक्ति र स्वतन्त्रताको आवश्यकता र चाहनालाई मूर्तरूप दिन कोरोना (कोभिड-१९) को संक्रमण विरुद्धको संघर्ष र क्रान्तिकारी आन्दोलनका बीचबाट क्रान्तिकारीहरू देशका तमाम देशभक्त, प्रगतिशिल, शोषितपिडित आम जनसमुदाय एकजुट हुनु जरुरी छ । देशमा कायम रहिआएको यो दलाल नोकरशाही पूँजीवादी तथा सामन्तवादीहरूको बोलवाला रहेको नव-प्रतिक्रियावादी राज्यसत्ता विरुद्ध लड्न र ध्वष्टपारी फाल्न नेपालको वर्तमान सन्दर्भमा नयाँ जनवादी क्रान्ति अपरिहार्य छ र यो नै एक मात्र विकल्प रहेको छ । नयाँ जनवादी क्रान्तिलाई पूर्णतामा ढालेर, नेपालमा नयाँ जनवादी राज्यव्यवस्था कायम गरी यसै माध्यम वैज्ञानिक समाजवाद हुँदै साम्यवाद तर्फ फद्को मार्दै जाने क्रान्तिकारी कम्युनिष्टहरूको राजनैतिक दायित्व भित्र कै कुरो हो । यसो भनेर फेरी क्रान्ति यत्तिकैमा अन्त हुने हैन, क्रान्ति त नयाँ परिवेसमा नयाँ तरिकाले निरन्तर चलिनै रहन्छ ।

*२०७६/१/२४ ताहाचल, काठमाडौँ ।*

## भारतीय...

बुद्धिजीवी मञ्च, नेपाल, इन्द्र राउत- अध्यक्ष- क्रान्तिकारी पत्रकार महासंघ, ईश्वर तिमिल्सिना- अध्यक्ष- अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ, अमीर महर्जन- अध्यक्ष- क्रान्तिकारी युवा लिग, नेपाल, हरिकृष्ण गजुरेल- अध्यक्ष- अनेरास्ववियू (क्रान्तिकारी), अमर परियार- अध्यक्ष-नेपाल दलित मुक्ति मोर्चा, विजय रत्न बज्राचार्य- अध्यक्ष-अखिल नेपाल राष्ट्रिय शिक्षक संगठन रहेका छन् ।

राष्ट्रियता, महामारी रोकथाम तथा नियन्त्रणका साथै जनजीविका सवालहरू जोडेर १२ वटा बुँदामा जारी गरिएको संयुक्त वक्तव्यमा भारतीय विस्तारवादद्वारा गरिएको अतिक्रमणको कडा विरोध गर्दै भनिएको छ, ' हालै भारतका रक्षामन्त्री राजनाथ सिंहले नेपाली भूभाग गुञ्जी, नावीढाङ, लिपुलेक हुँदै धार्चुला र मानसरोबर जोडने सडकको भिडियो कन्फेरेन्समार्फत उदघाटन गरेका छन् । यो नेपालको राष्ट्रिय स्वधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताका विरुद्धको ठाडो हस्तक्षेप हो । हामी भारतीय विस्तारवादद्वारा गरिएको यो अतिक्रमणको कडा विरोध तथा भर्त्सना गर्दछौं । र, नेपालको भुमीबाट एकलौटी रूपमा सडकको ट्र्याक खोलेर उद्धाटन गर्दा समेत त्यसको अनदेखा गर्ने नेपाल सरकारको लाचारीप्रति खेद व्यक्त गर्दै सो काम रोक्नका लागि तुरुन्त भारतीय सरकारसँग कुटनीतिक पहल गर्न नेपाल सरकार समक्ष हामी जोडदार माग गर्दछौं । साथै, नेपालको भौगोलिक अखण्डतामाथि गरिएको भारतीय हस्तक्षेप र नेपाल सरकारको राष्ट्रिय आत्मसमर्पणवादी रवैयाका विरुद्ध सशक्त आवाज उठाउन हामी सम्पुर्ण देशभक्त तथा आम जनसमुदायमा विशेष आह्वान समेत गर्दछौं ।'

वक्तव्यमा 'नेपाली राष्ट्रियता स्वाधीनता तथा सार्वभौमिकतामाथि गम्भीर आँच आउने अमेरिकी साम्राज्यवादी परियोजना एमसीसी कुनै पनि हालतमा संसदबाट पास नगर्न पनि हामी सरकार र सांसदहरूलाई खबरदारी गर्न चाहन्छौं ।' समेत उल्लेख गरिएको छ ।

सिमानामा अलपत्र तथा विदेशी भूमिमा अलपत्र मजदुरहरूको उद्दार, मजदुरहरूको तलब सुविधाको निरन्तरता, अनौपचारिक क्षेत्रका मजदुरहरूलाई राहत लगायतका महत्वपूर्ण विषयहरू वक्तव्यमा उठान गरिएको छ ।

यस्तो छ वक्तव्यको पूर्णपाठ :

'संयुक्त वक्तव्य

१- हालै भारतका रक्षामन्त्री राजनाथ सिंहले नेपाली भूभाग गुञ्जी, नावीढाङ, लिपुलेक हुँदै दार्चुला र मानसरोबर जोडने सडकको भिडियो कन्फेरेन्समार्फत उदघाटन गरेका छन् । यो नेपालको राष्ट्रिय स्वधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताका विरुद्धको ठाडो हस्तक्षेप हो । हामी भारतीय विस्तारवादद्वारा गरिएको यो अतिक्रमणको कडा विरोध तथा भर्त्सना गर्दछौं । र, नेपालको भुमीबाट एकलौटी रूपमा सडकको ट्र्याक खोलेर उद्धाटन गर्दा समेत त्यसको अनदेखा गर्ने नेपाल सरकारको लाचारीप्रति खेद व्यक्त गर्दै सो काम रोक्नका लागि तुरुन्त भारतीय सरकारसँग कुटनीतिक पहल गर्न नेपाल सरकार समक्ष हामी जोडदार माग गर्दछौं । साथै, नेपालको भौगोलिक अखण्डतामाथि गरिएको भारतीय हस्तक्षेप र नेपाल सरकारको राष्ट्रिय आत्मसमर्पणवादी रवैयाका विरुद्ध सशक्त आवाज उठाउन हामी सम्पुर्ण देशभक्त तथा आम जनसमुदायमा विशेष आह्वान समेत गर्दछौं ।

२- नेपाली राष्ट्रियता स्वाधीनता तथा सार्वभौमिकतामाथि गम्भीर आँच आउने अमेरिकी साम्राज्यवादी परियोजना एमसीसी कुनै पनि हालतमा संसदबाट पास नगर्न पनि हामी सरकार र सांसदहरूलाई खबरदारी गर्न चाहन्छौं ।

३- कोरोना भाइरसजन्य प्रकोपको रोकथामका लागि खुला सिमाना नियन्त्रण गर्नुपर्ने माग प्रायशः सबैतिरबाट र मुख्यतः भारतसँग सिमाना जोडिएका प्रदेशबाट उठ्न थालेको छ । निश्चित नाकाहरू खुला राखेर बाँकी सिमानामा तारबार लगाई सँधैका लागि सीमा बन्द गर्ने दिशामा पहल थाल्न सरकारसित जोडदार माग गर्दछौं । साथै, सीमामा खटिएका सुरक्षाकर्मीमाथि भारतीय पक्षबाट भएको आक्रमणको पनि जोडदार रूपमा विरोध गर्दछौं ।

४-कोरोना भाइरस संक्रमित भएका तथा आशङ्का गरिएका विभिन्न ठाउँका मानिसहरूको आवश्यक जाँचबुझ तथा अध्ययन गर्ने काममा गम्भीर प्रकारको लापरबाही भएको छ । सरकारले विगतमा गरेका कतिपय गम्भीर गल्ती कमजोरीका कारण आज कोरोना भाइरस नेपालमा पनि तीव्ररूपमा फैलँदै गएको छ । आजसम्म १०९ जना संक्रमित भैसकेका छन् र समुदायमा फैलने चरणमा प्रवेश गरिसकेको छ । यसको रोकथाम र नियन्त्रणलाई केन्द्रमा राखी आगामी बजेटमा रकमको व्यवस्था गरियोस् । आरडीटी विधिबाट गरिने परीक्षणमा रोक लगाइयोस् र पीसीआर विधिबाट गरिने परीक्षणलाई तीव्रता दिइयोस् । ट्रेसिडका लागि आवश्यक सम्पूर्ण व्यवस्था गरी यसलाई तीब्रता दिइयोस् ।

५- नेपालको सीमानामा तथा खाडी मुलुक लगायतका देशहरूमा अलपत्र तथा विचल्लीमा परेका श्रमिकहरूलाई तत्काल उद्दार गरियोस् । विभिन्न वहानामा औपचारिक क्षेत्रका मजदुरहरूलाई रोजगारीबाट निस्कासन गर्ने कार्य तत्काल बन्द गरियोस् । उनीहरूले पाउँदै आएको मासिक तलब, भत्ता लगायतका सुविधालाई निरन्तरता दिइयोस् । लक डाउनका बेला अनौपचारिक क्षेत्रका मजदुरहरू अतिविचल्लीमा रहेको र राज्यले अभिभावकत्व लिन समेत लिन नसकिरहेको देखिएकोले यस प्रकारको गम्भीर स्थितिमा विचल्लीमा परेका श्रमिक तथा अति विपन्न वर्गका जनतालाई अविलम्ब बाँच्न पुग्ने गरी राहत प्रदान गर्न जोडदार माग गर्दछौं । राहत वितरणमा विचार तथा आस्थाको आधारमा भेदभाव नगर्न र बेरोजगारहरूको लगत संकलन गरी बेरोजगार भत्ताको व्यवस्था गर्न पनि माग गर्दछौं । राहत वितरणमा हुँदै आएको भ्रष्टाचार तथा मनोमानी बन्द गर्न र भ्रष्टाचार तथा कालोबजारी गर्नेहरूमाथि कडा कार्बाही गर्न पनि माग गर्दछौं ।

६- भारतीय तरकारी तथा फलफूल निर्वाध रूपमा आयात हुने तर नेपाली कृषकहरूले उत्पादन गरेका तरकारी तथा फलफूल खेतबारीमै कुहिने स्थिति सिर्जना छ । यस अवस्थामा भारतीय तरकारी फलफूल आयातमा रोक लगाई देशभित्र उत्पादित तरकारी तथा फलफूलको उचित बजार प्रबन्ध मिलाउन हामी जोडदार माग गर्दछौं । साथै, कृषकहरूले बैंकबाट लिएको ऋणको ब्याज मिनाहा गर्न पनि आग्रह गर्दछौं ।

७- युद्ध कालका मुद्दालाई सत्य निरूपण आयोग बेपत्ता छानविन आयोग मार्फत् टुंग्याउने निर्णयमा कायम रही मुद्दा छिटो भन्दा छिटो टुंग्याइनु पर्दछ । अन्य कुनै पनि किसिमका बयानबाजी गरी अर्को दिशातिर मोड्ने काम तत्काल बन्द गरियोस् ।

८- आफूलाई कम्युनिस्ट पार्टीका नाममा प्रस्तुत गर्दै आएको पार्टीको नेतृत्वमा बनेको सरकारद्वारा कम्युनिस्ट पार्टीकै रूपमा सङ्गठित अर्को कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाई सो पार्टीका नेता तथा कार्यकर्ताहरूलाई धरपकड गर्ने तथा कारागारमा थुनेर राख्ने कार्यको घोर विरोध गर्दछौं र सम्पूर्ण राजबन्दीहरूको अविलम्व रिहाइका लागि सरकारसित जोडदार माग गर्दछौं ।

९. महामारीसँगै महिला (लैङ्गिक) हिंसाका घटना बढिरहेको छ । त्यस्ता घटनामा संलग्न दोषीहरूलाई कडा कारबाही गर्न पनि हामी जोडदार माग गर्दछौं ।

१०- महामारी बेलामा पनि शिक्षा र स्वास्थ्य क्षेत्रमा अराजकता बढ्दै गएको र जनताप्रति जिम्मेवार र जवाफदेही नदेखिएकाले शिक्षा र स्वास्थ्य क्षेत्रको राष्ट्रियकरणका लागि सशक्त आवाज उठाउनु पर्ने बेला आएकोप्रति सम्बन्धित सबैको ध्यान आकर्षित गराउन चाहन्छौं ।

११. कोरोना संक्रमणको रोकथामको लागि अग्रमोर्चामा खटेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा अन्य कर्मचारी र पत्रकारहरूलाई समेत यथेष्ट पीपीई (पर्सनल प्रोटेक्टिभ इक्विपमेन्ट) व्यवस्था गरी उनीहरूको जीवन वीमा र उचित सुविधाको ग्यारेन्टी गरियोस् ।

१२. नेपाल सरकर शिक्षा मन्त्रालयले यही शैक्षिक वर्षदेखि विद्यालय तहमा कक्षा १ देखि संस्कृत भाषाको पढाई सुरु गर्न तयारी गरिरहेको समाचारहरू सार्वजनिक भइरहेका छन् । यसो गर्नुको असली नियत नेपालका ब्राह्मणवादी शाषकहरूको संस्कृत भाषाको माध्यमद्वारा नेपाललाई पुनः हिन्दु धर्म संस्कृतिमय बनाउने चलाखीपूर्ण रणनीति त होइन भन्ने आशंका गम्भिर रूपमा उब्जिएको छ । यसका साथै, धर्मनिरपेक्षताविरुद्ध र पश्चगामी चिन्तनतर्फ अग्रसर गराउने उद्देश्य राखिएको हो कि भन्ने आशंका समेत उब्जिएको छ । यसप्रति हामी गम्भीर असहमति प्रकट गर्दै सबै भाषालाई समान रूपमा स्थान दिन माग गर्दछौं ।

## चार किसान...

निम्ति तुरुन्तै पहल गर्न पनि गर्दछौं ।

*सीताराम तामाङ*
*अध्यक्ष- अखिल नेपाल किसान महासंघ( क्रान्तिकारी),*
*भैरबराज रेग्मी,*
*अध्यक्ष- अखिल नेपाल किसान महासंघ( अप्पो),*
*लोकनारायण सुबेदी,*
*अध्यक्ष- अखिल नेपाल किसान यूनियन,*
*कृष्ण राना,*
*ईञ्चार्ज- अखिल नेपाल प्रगतिशील किसान संघ*

## भूकार्यनीतिक...

जनतालाई अत्तोपत्तो छैन । तर उज्यालो हुनासाथ ओलीका काला अध्यादेश फतक्क कुहिएका फर्सीझैं भूइँमा झर्छन्, पत्तो छैन, जनता चकित पर्छन् । खेल चलिरहन्छ । 'कोट पाइन्ट लगाऔं कि भोटो कछाड, म जुजुमान' भने झैं महाशक्तिका तिकडम विभिन्न खोल ओढ्दै अघि बढ्छन् ।

संसदको बजेट अधिवेशन सुरु हुन्छ । अर्थमन्त्रीले एमसीसी अनुमोदन हुने शब्दाबली, भाषा र एमसीसीकै कार्यक्रमहरूको सिंगो बजेट भाषण तयार पार्छन् । लकडाउनको कारण देखाउँदै बहसै नगरिकन पारित गरिदिन प्रम ओलीले सबै सांसदहरूलाई घुमाउरो ह्वीप निर्देशन जारी गर्छन् । दिल्लीको सल्लाहविना कोरिएको बजेट भाषण संसदमा बहसै नगरी पारित नहुने अडानसहित जनता समाजवादी पार्टीका नेताहरूले चर्को रूपमा आवाज उठाउँछन् । उता ठीक त्यसै दिन र त्यसै क्षण भारतका रक्षामन्त्री राजनाथ सिंहले नेपालको अतिक्रमित भूमि कालापानीबाट लिपुलेकहुँदै मानोसरोवर पुग्ने बाटोको उद्घाटन गरिदिन्छन् । यसले चीन-भारत एक्सिस जोड्ने देखिएपछि अमेरिका रन्थनाउँछ । अनि अर्को कुरा, त्यसै दिन र त्यसै क्षण सिंहदरवार अगाडि चिनियाँ र नेपाली प्रहरीबीच गम्भीर झडप हुन्छ । के यो संयोग मात्र हो ?

यो कोरोना जैविक अस्त्रको लडाइँसँगै विश्व कब्जाका लागि महाशक्तिहरूको कुटनीतिक दाउँपेचको भीषण लडाइँ हो । यो हतियार प्रयोग गरेर, रगत बगाएर होइन, बरु मुन्टो निमोठेर, घाँटी थिचेर रगत नै नदेखाई गरिने भीषण लडाइँ हो । अमेरिकाले चीनमाथि धावा बोलेको यो कोरोनारूपी जैविक अस्त्रको जोडकोण (सेट सिक्वेन्स) उत्तर कोरियाका राष्ट्रपति किम जोन उनको या त मन्द विष या त जीवाणु आक्रमण र भौतिक निषेधसम्म गएर जोडिएको छ । शायद यो सबै ट्रम्प-उन सिंगापुर वार्तामा तय गरिएको थियो । के यी सबै संयोग मात्र हुन् ? लाटो र सोझो जवाफ छ- होइनन् ।

कोरोनारूपी जैविक अस्त्रको लडाइँ विशेष गरी चीनविरुद्ध अमेरिकी निशाना भएकाले महाशक्तिहरूले भन्दै आएका र हामीले पनि दोहऱ्याउँदै आएको नेपालको भूरणनीतिक महत्व अब भूकार्यनीतिक महत्वमा परिणत भैसकेको छ । कोरोनाको बहानामा चीनको बुहानमा संयुक्त राष्ट्र संघको शान्ति सेना परिचालन गर्ने अमेरिकी चाहना बुहान कोरोना नियन्त्रणसँगै अन्त्य भएपछि कोरोना महामारीकै बेला नेपाल प्रवेशको वातारण बनाउन अमेरिका तल्लिन छ । बजेट अधिवेशनको दैलो उघार्दै गर्दा अमेरिकी दूतावासले 'एमसीसीमा फेरबदल गरेर होइन, संसदबाट जस्ताको तस्तै पास भएको हेर्न चाहन्छौं' भनी कडा निर्देशनसहितको प्रेसवक्तव्य जारी गरेको छ । यसले नेपालमाथि मडारिइरहेको कालो बादलको स्पष्ट संकेत गरिरहेको छ । उता छिमेकी देश भारत अतिक्रमित नेपाली भूमि आफ्नो घोषणा गरिरहेको छ । ढिलो वा चाँडो आफ्नो प्रतिरक्षाका लागि चीन जस्तोसुकै कदम उठाउन पनि तयार रहेको संकेत गरिसकेको छ ।

यी सबै अवश्यंभावी र अपरिहार्य बनेर आएका घटनाक्रमले नेपाल अब विदेशी शक्तिको कार्यनीतिक महत्वको थलोमा परिणत भइसकेको छ । यति बेला अन्धराष्ट्रवादको सिकार नभई देशभित्रका राष्ट्रघाती तथा जनघातीसहित वैदेशिक अतिक्रमणकारी, विस्तारवादी, साम्राज्यवादीहरूलाई लखेट्न देशभक्त, वामपन्थी, प्रगतिशील तथा आमूल परिवर्तनकारी शक्तिहरू एकजुट हुनु जरुरी छ ।


**रोयल बुईपा A/C जम्बो हाईस**



**गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म**

| काठमाडौं सम्पर्क नम्बर | | गाईघाट सम्पर्क नम्बर | |
|---|---|---|---|
| बसन्त खड्का | - ९८४२८३७७९३ | फोन नं. | ०३५-४२१६४३ |
| | - ९८१७७१९६९७ | पुरुषोत्तम खनाल | - ९८५२८३५६९० |
| ईन्द्र कट्टेल | - ९८१८४१५२९० | | - ९८१५७८४८७४ |

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।**

**खोटाङ यातायात प्रा.लि.**

काठमाडौंबाट- **हलेसी,**
ऐसेलुखर्क, बाक्सीला, भोजपुर,
ओखलढुंगा, सोलु जानु परेमा
हामीलाई सम्झनुहोस् ।

**सम्पर्क–**

कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

